सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

# फैसला

०६७-CI-०८७८

मुद्दाः बहाल दिलाई घर खाली गराई पाउँ।

जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ६ बस्ने पशुपति चैतन्य ब्रम्हचारी......१ पुनरावेदक प्रतिवादी

विरुद्ध

जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ६ बस्ने शारदा देवी ब्राम्हणी............१ प्रत्यर्थी वादी

०६७-CI-१३७८

जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ७ बस्ने शारदा देवी ब्राम्हणी............१ पुनरावेदक वादी

विरुद्ध

जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ७ बस्ने इन्द्रदेव झा......................१ प्रत्यर्थी
जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ६ बस्ने पशुपति चैतन्य ब्रम्हचारी......१ प्रतिवादी

**सुरू तहमा फैसला गर्नेः** माननीय जिल्ला न्यायाधीश श्री भीम कुमार ओझा
धनुषा जिल्ला अदालत।
फैसला मितिः-२०६१।०१।२८
मुद्दा नं.:-२०५८ सालको दे.नं.:-१०८७

**पुनरावेदन तहमा फैसला गर्नेः** माननीय का.मु. मुख्य न्यायाधीश श्री लोकेन्द्र मल्लिक
माननीय न्यायाधीश श्री फणिन्द्रदत्त शर्मा
पुनरावेदन अदालत, जनकपुर
फैसला मितिः २०६६।०२।१८
मुद्दा नं.:-२०६१ सालको दे.पु.नं.:-११४२/११९०

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालत समक्ष दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

तथ्य खण्ड

१. मेरो पति स्व. पुर्ण चैतन्य ब्रम्हचारीको नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुर नगरपालिका वडा नं. ४ अन्तर्गत साबिक कित्ता नंम्वर ८०८, ८०९ को १-१२-० र जिरायत जग्गा १-५-० समेत गरी २-१७-० जग्गा मध्ये जलेश्वर जाने पिच रोड सो पूर्व महाविर मन्दिर सो उत्तर तर्फबाट ४० हात लम्बाई २० हात चौडाई जग्गामा खपडाको छाना भएको घर बनाई होटल सञ्चालन गर्नलाई जग्गाको प्रति महिना रु.१,१००।- मलाई बहाल तिर्ने गरी मिति २०४७।०४।२० मा विपक्षी ईनर झा भन्ने इन्दर देव झाले बहालको कागज गरी दिनु भएको छ। विपक्षीले गरी दिनु भएको बहालको सक्कल कागज मसँग छ। २०५७ साल आषाढ महिनादेखि विपक्षीले बहाल रकम दिनु भएको छैन। परम्परा देखि चलाई आएको पुजापाठ धर्म सदावर्त इत्यादिको खर्चमा अप्ठयारो परी रहेको भनी विपक्षीलाई पटक पटक बहाल रकम बुझाई दिन भनी ताकेता गर्दा पनि आज भोलि भन्दै आलटाल गरी आजसम्म पनि बुझाउनु भएंन। यसरी बहाल रकम आवश्यकता परेको हुनाले बक्यौता रहेको बहाल रकम बुझाई जग्गा खाली गरी दिनका लागि विपक्षीलाई ३५ दिने लिखित सूचना बुझाउन जाँदा सूचना बुझ्न इन्कार गरेकोले साक्षी राखी वडा सदस्यको रोहवरमा विपक्षीले सञ्चालन गरेको होटलमा मिति २०५८।०३।२२ गते कै दिन टाँस गरी दिएँ। उक्त सूचना टाँस गरी विपक्षीलाई सूचना दिए पनि सो म्याद भित्र समेत विपक्षीले बहाल रकम बुझाउन आउनु भएन र जग्गा पनि खाली गर्नु भएन। फलतः बाध्य भै विपक्षी माथि यो नालेस गर्न आएको छु। अतः विपक्षीले बहाल लिनु भएको जग्गाको २०५७ साल आषाढ देखि आज फिराद दायर भएको मितिसम्म १ वर्ष २ महिनाको प्रति महिना रु. १,१००।- ले हुने रु.१५,४००।- र मुद्दा फैसला भै जग्गा खाली नगरेसम्मको बहाल तथा कोर्ट फी समेत दिलाइ भराइ पाउनुको साथै उक्त जग्गासमेत खाली गराई पाउँ भन्नेसमेत बेहोराको वादी शारदा देवी ब्राम्हणीले मिति २०५८।०४।३२ मा सुरु धनुषा जिल्ला अदालतमा पेस गरेको फिराद।

२. वादीले फिरादमा चर्चा गर्नु भएको जग्गाको हकवाला वादी हुनु हुन्न किनकी उक्त जग्गाहरू गुठी तैनाथी जग्गा हो। उक्त जग्गा स्व. पूर्ण चैतन्य ब्रह्मचारीको नाउँमा दर्ता

थियो र निज मरे पछि निजको छोरा चेला पशुपति चैतन्य ब्रम्हचारीले चलन पूर्जी पाउनु भएकोले निजले नै सो जग्गा र सो जग्गामा भएको घरहरूको बन्दोवस्त गर्दै आउनु भएको छ। त्यस कारण वादीलाई कुनै पनि कानूनले उक्त जग्गाको बारेमा बहालमा लगाउने वा उठाउने अधिकार छैन। मेरो नाममा होटल सञ्चालन गरेको नभई पत्नी मीना कुमारी झाको नाउँमा राष्ट्रिय वाणिज्य बैंक पीडारी शाखाबाट ऋण लिई शाकाहारी होटल सञ्चालन गर्न उक्त स्थानको हकवाला पशुपति चैतन्य बम्हचारीसँग बहालमा लिई होटल सञ्चालन गर्दै आउनु भएको छ। मैले वादीलाई कुनै पनि भाडाको कागज गरिदिएको छैन तर निज वादीले घर व्यवहारको कागजमा साक्षी बसी देउ भनी २-३ वटा कागजमा मलाई साक्षीको रुपमा बस्न भनेकोमा पशुपति चैंतन्यको आमाको नाताले साक्षीसम्म बसेको जस्तो लाग्छ, तर निज वादीलाई बहालको कागज मैले गरिदिएको छैन। अदालतबाटै वादीसँग रहेको उक्त सक्कलै कागज झिकाई मलाई देखाएमा अं.वं. ७८ नं. बमोजिम सद्दे किर्तेमा यकिन गर्ने नै छु भन्ने समेत बेहोराको प्रतिवादी इन्द्रदेव झाले मिति २०५८।०८।०७ मा सुरु अदालतमा पेस गरेको प्रतिउत्तर।

३. वादीले प्रतिवादीबाट दावी अनुसारको बहाल रकम पाउनु पर्ने हो र जग्गा खाली गराउन पाउनु पर्ने हो भन्ने समेत बेहोराको वादीको साक्षी गणेश महासेठ, लक्ष्मण यादव र महेश ठाकुरले सुरु अदालतमा गरेको बकपत्र।

४. साबिक कित्ता नम्वर ८०८ र ८०९ को जग्गा निजी जग्गा होइन, महावीर मन्दिरको जग्गा हो। त्यस जग्गाको रेखदेख पशुपति चैतन्यले गर्दैछन। उक्त जग्गाको आयस्ता र बन्दोवस्ती पशुपति चैतन्यले गर्दछन भन्ने समेत बेहोराको प्रतिवादीको साक्षी बलदेव दासले सुरु अदालतमा गरेको बकपत्र।

५. विपक्षीले पेस गर्नु भएको मिति २०४७।०४।२० को भाडाको लिखत जालसाजी हो। निज शारदा देवी ब्रम्हाणीले २, ३ वटा कागजमा साक्षीसम्म बसी दिनु पर्‍यो भनी म साधारण लेखपढ गर्ने व्यक्तिलाई भन्दा पशुपति चैतन्य ब्रम्हचारीको आमा शारदा देवी भएकोले साक्षीसम्म बसेको जस्तो लाग्छ, मैले जानी जानी भाडाको कागज गरी दिएको छैन। उक्त भाडाको कागजमा भएको हस्ताक्षर सही र ल्याप्चे छाप मेरै हो तर लिखत जालसाजी हो भन्ने समेत बेहोराको प्रतिवादीका वारेस माधवप्रसाद ढुंगानाले सुरु अदालतमा गरेको सनाखत बयान।

६. विपक्षीले हस्ताक्षर र छाप स्वीकार गरिसके पछि बेहोरा अस्विकार गरेको बयान झुठ्ठा हो दावी बमोजिम बहाल दिलाई जग्गा खाली गराई पाउँ भन्ने समेत बेहोराको वादीका वारेस देवचन्द्र लालकर्णले सुरु अदालतमा गरेको प्रतिवाद बयान।

७. शारदा देवीको कुनै जग्गा नै निजको नाउँ दर्तामा नभएकोले निजसँग मेरो श्रीमानको कुनै कागज भएको मलाई थाहा छैन पशुपति चैतन्यसँग भएको बहाल सम्बन्धी सक्कली लिखत कागज लिएर आएको छैन। आदेश भएमा पेस गर्नेछु भन्ने समेत बेहोराको अ.वं.१३९ नं बमोजिम बुझिएकी मिना कुमारी झाले सुरु अदालतमा गरेको बयान।

८. वादीको भनाई झुठ्ठा हो, उक्त जग्गा शारदा देवीको होइन, म पशुपति चैतन्यको हक भोगको हो। निजले भाडा लगाएको छैन बरु उक्त जग्गा मैले जनकपुर नगरपालिका वडा नं. ७ बस्ने मीना कुमारी झालाई प्रति महिना रु.१,२००।– मा भाडा लगाएको छु। निजले सो जग्गामा होटल सञ्चालन गरी बसी आएकी छन। वादीले सो जग्गामा अंश लिन म उपर यसै अदालतमा मुद्दा दिदा अंश नलाग्ने ठहर भैसकेको छ। बहाल सम्बन्धी कागज खोजी भएका बखत पेस गर्नेछु भन्ने समेत बेहोराको अ.वं. १३९ नं. बमोजिम बुझिएका पशुपति चैतन्यले सुरु अदालतमा गरेको बयान।

९. भाडामा दिने पशुपति चैतन्य ब्रह्मचारी र लिने मिना कुमारी झा भएको मिति २०४७।०४।०१, २०५१।०१।०१ र २०५७।०१।०१ को ३ वटै भाडा सम्बन्धी कागजहरू अघिको मिति राखी पछि तयार गरिएको जालसाजीपूर्ण कागज हो। यसै भाडा सम्बन्धी कागजमा भएका भाडामा दिने लिने साक्षी तथा लिखत साक्षी समेत उपर २०५९।१०।२३ मा फौं.नं. ४२९ को जालसाजी मुद्दाको विस्तृत बेहोरा उल्लेख गरेको छु भन्ने समेत बेहोराको वादीका वारेस भुपनारायण झाले सुरु अदालतमा गरेको सनाखत बयान।

१०. विपक्षीले भने बमोजिम उक्त लिखतहरू जालसाजी होइन भन्ने समेत बेहोराको प्रतिवादीका वारेस माधव प्रसाद ढुङ्गानाको प्रतिउत्तर बयान।

११. वादी पूर्ण चैतन्यले उक्त जग्गाको हकमा आफ्ना गुरुहरूले अपनाई आएको काम रामजीलाई गुलफुल चढाउने र बाँकी भएको आयस्ताबाट साधु सन्तलाई बाँडिदिने गरी भोग गर्न पाउने गरी पाएको देखिन्छ। दावीको कि.नं. ८०९ को जग्गा समेत नामसारी भए पनि वादीले बेचबिखन वा अन्य प्रयोजनको लागि प्रयोग गर्न नपाउने गरी १९९३ सालको उक्त बकसले प्रष्ट गरेको छ। तसर्थ गुठीले उक्त जग्गा भाडामा लिई दावी

बमोजिम खिचोला गरेको ठहर्छ भन्नेसमेत बेहोराको जनकपुर अञ्चल अदालतबाट मिति २०४३।०३।२४ मा भएको फैसला।

१२. विवादित कि.नं. ८०९ को जग्गाको आ.ब.०३९।०४० को पोत लिंदा जग्गावालाको नाममा पूर्ण चैतन्य ब्रह्मचारीको नाम उल्लेख भएको देखिंदा गुठी संस्थानले बस व्यवस्था उपसमितिलाई भाडामा दिन सक्ने भन्न मिल्दैन। यसर्थ गुठीको जग्गा भाडामा दिई खिचोला गरेको ठहर गरेको जनकपुर अञ्चल अदालतबाट भएको फैसला सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०४५।०४।३० मा भएको फैसला।

१३. उषादेवी ब्राम्हणी वादी र शारदादेवी ब्राम्हणीसमेत प्रतिवादी रहेको २०४७ सालको दे.नं.१५६७ को अंश मुद्दामा फांटवारीमा देखाएको जग्गाहरूमध्ये सा.कि.नं. ८०८ र ८०९ को जग्गा राम मन्दिर जिरायत तैनाथी जग्गा भएको पाइएबाट पनि उक्त जग्गा वण्डा हुने रहेनछ भन्ने देखियो। सो जग्गा बाहेक अन्य दर्ता नभएका जग्गा सम्बन्धमा पनि दर्ता सम्बन्धमा कुनै असर नपर्नेगरी ४ भागको भाग अंश वादीले प्रतिवादीहरूबाट पाउने ठहर्छ भन्नेसमेत बेहोराको धनुषा जिल्ला अदालतबाट मिति २०५३।०२।१३ मा भएको फैसला।

१४. शारदादेवी ब्राम्हणी वादी र उषादेवी ब्राम्हणीसमेत प्रतिवादी रहेको २०४८ सालको दे.नं.२२९२ को अंश मुद्दामा फांटवारीमा देखाएको जग्गाहरूमध्ये सा.कि.नं. ८०८ र ८०९ को जग्गा राम मन्दिर जिरायत तैनाथी जग्गा भएको पाइएबाट पनि उक्त जग्गा बण्डा हुने रहेनछ भन्ने देखियो। सो जग्गा बाहेक अन्य दर्ता नभएका जग्गा सम्बन्धमा पनि दर्ता सम्बन्धमा कुनै असर नपर्नेगरी ४ भागको भाग अंश वादीले पाउने ठहर्छ भन्नेसमेत बेहोराको धनुषा जिल्ला अदालतबाट मिति २०५३।०२।१३ मा भएको फैसला।

१५. विवादित सा.कि.नं. ८०८ र ८०९ को जग्गामा यी वादीका पति पूर्ण चैतन्य र गुठी संस्थान बीच जग्गा खिचला मुद्दा चली तत्कालिन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट गुठीले खिचोला गरेको ठहरी फैसला भएको र सो फैसलामा उक्त जग्गा रामचन्द्र जीमा फुल चढाई बाँकी रहेको जग्गा ब्रम्हचारीलाई बक्सेको छ वेचविखन गर्न पाइँदैन भन्ने फैसला अन्तिम भैरहेको र यिनै पुनरावेदक तथा विपक्षी समेत बीच चलेको दे.नं. १५४७ र २२९२ को अंश मुद्दाबाट उक्त जग्गा अबण्डाको अवस्थामा रहेकोले सो जग्गा बण्डा

नहुने भै सो बाहेकका जग्गाहरू बण्डा हुने भनी उल्लेख भएकोले सो जग्गाहरू अबण्डाको अवस्थामा रहेको कुरा उक्त प्रमाण मिसिलहरूबाट देखिएको छ। यी वादी र वादीका छोरा पशुपति सगोलमै रहेको अवस्थामा चलन पूर्जी लिएको देखिँदा सबै अंशियारको हक पुग्ने देखिन्छ। मिति २०४७।०४।२० मा घर बहाल दिने सम्बन्धमा यि प्रतिवादी ईन्द्रदेव, शारदा देबी बीच कागज भएको र अबण्डा रहेको सम्पत्तिका सम्बन्धमा पछि बण्डाबाट हक प्राप्त गर्न सक्ने सम्भावना भएका जो कोहीले कागज गरेको अवस्थामा पनि सो घर जग्गाबाट आएको आयस्ता समेतमा कागज गर्ने एक व्यक्तिको मात्र हक नभइ अबण्डाको सम्पत्ति हक भोग गर्न पाउने सबैले प्राप्त गर्ने हुँदा प्रतिवादी विवादित जग्गामा घर बनाइ भाडामा वसेको तथ्यमा साबित भएको र सो कुरालाई वादी एवं निजका साक्षी समेतबाट पुष्टि भएकोले मिति २०४७।४।२० को विवादित घर बहालको कागज किर्ते नभै सद्दे ठहर्छ। सो ठहर्नाले उक्त जग्गाको हक यी वादीको मात्र भएको नभै अंश बण्डा हुन भन्दा अघि सगोलमा रहेका सवैको हक भएकोले उक्त वादी दावीको घर बहाल यी सवैले भरी पाउने र प्रतिवादीले घरजग्गा खाली गरी दिनुपर्ने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०६१।०१।२८ मा सुरु धनुषा जिल्ला अदालतबाट भएको फैसला।

१६. जिल्ला अदालतले बहाल रकम मलाई दिलाउनु पर्नेमा एक अंशमात्र दिलाइ सवै अंशियारले लिन पाउने गरी गरेको निर्णय सो हदसम्म बदर गरी बिपक्षी इन्द्रदेवले हालसम्म पनि होटल सञ्चालन गरी बसेकाले दावी बमोजिम बहाल रकम मैले उठाउन पाउँ भन्ने समेत बेहोराको वादी शारदा देवी ब्राम्हणीले पुनरावेदन अदालत जनकपुरमा मिति २०६१।०६।०६ मा पेस गरेको पुनरावेदन।

१७. कि.नं. ८०८ र ८०९ को जग्गा गुठी तैनाथी जग्गा भएकाले वेचविखन गर्न नपाउने र सो को आयस्ताले साबिक सनातन देखि सोही जग्गामा अवस्थित मनोकामना हनुमानजीको पुजा आजा, अतिथि सत्कार, साधु सन्तको सेवा र श्री रामचन्द्र भगवानको मन्दिरमा फुल चढाउने काम भै आएको छ। सो कार्य पिता गुरु ज्युको जीवनकालमा निजले र निज पछि म पुनरावेदकले नै गरी आएको छु र उक्त जग्गा अन्य परिवारमा जान नसक्ने भै मुलुकी ऐन गुठी महलको दफा १० र ११ नं. बमोजिम म चेलाको हैसियतले साबिक बमोजिम कार्य चलाई आएको एक्लो हकदार हुँ। विपक्षी वादीको उक्त जग्गामा कुनै पनि ऐनले हकअधिकार दिएको छैन। तसर्थ हकै नभएको व्यक्तिको

फिरादपत्रलाई आधार मानी गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत बेहोराको अ.वं. १३९ नं बमोजिम बुझिएका पशुपति चैतन्यले पुनरावेदन अदालत जनकपुरमा मिति २०६१।०६।२८ मा पेस गरेको पुनरावेदन।

१८. यसमा वादी शारदा देवी ब्राम्हणी र प्रतिवादी पशुपति चैतन्य ब्रम्हचारीबाट दोहोरो पुनरावेदन परेको देखिँदा परस्पर सुनाउने र लगाउको जालसाजी मुद्दामा विपक्षी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दासँग अन्तरप्रभावी भएकोले प्रत्यर्थी इन्द्रदेव झालाई अ.बं. २०२ नं तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम झिकाई नियमानुसार पेस गर्नू भन्ने पुनरावेदन अदालत जनकपुरबाट मिति २०६३।०५।२८ मा भएको आदेश।

१९. महन्तको व्यवस्था परम्परालाई अंगाली विधिवत रुपमा घोषणा नभएसम्म मुलुकी ऐन गुठीको महलको ५ नं. बमोजिम महन्त स्व. पूर्ण चैतन्यका हकवालाले दुई/दुई वर्षको पालो गरेर वादी दावीको जग्गाको आम्दानी उठाई मन्दिरको पुजा चलाउनु नपर्ने भन्न मिल्दैन। मृतक पूर्ण चैतन्यका २ भाई छोरा र श्रीमती यी पुनरावेदक शारदा देवी भएको यी चारै जनाले उक्त जन्मको दुई/दुई वर्षको पालो गरेर जग्गाको बहाल आपसमा उठाई पुजा गर्नु पर्ने भन्ने देखिन आएको समेत कारणबाट यी वादी शारदा देवीले दावी गरेको २०५७।०३।०१ देखि २०५८।०४।३२ तकको घर भाडा प्र. इन्द्रदेवबाट भराई जग्गा खाली गराई लिन पाउनेमा सो अवधिको भाडा समेत ४ भाग लाग्ने भनी भएको धनुषा जिल्ला अदालतको मिति २०६१।०१।२८ को फैसला त्यति हदसम्म मिलेको देखिन नआएकोले सो फैसला नमिलेको हदसम्म उल्टी भई वादी दावी वमोजिमको अवधिको जग्गाको भाडा वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ। आफनो कबुल बमोजिमको भाडा नतिर्ने प्रतिवादीले पूर्ववत रुपमा सो जग्गामा बस्न पाउने भन्न मिल्दैन। यस कारण प्रतिवादीले सो जग्गा खाली गरी दिनुपर्ने समेत ठहर्छ। प्रतिवादी पशुपतिको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदक वादी शारदा देवीले माथि उल्लेख भए अनुसार २०५७।०३।०१ देखि २०५८।०४।३२ सम्मको घर भाडा प्रतिवादी इन्द्रदेवबाट भराई पाउने हुँदा प्रति महिना रु. १,१००।- ले हुने जम्मा भाडा रु. १३,२००।- भराई पाउँ भनी दर्खास्त परे प्रतिवादी इन्द्रदेवबाट वादी शारदा देवीलाई कानून बमोजिम भराई दिनु भनी सुरुमा लेखी पठाई दिनु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा भएको फैसला।

२०. प्रस्तुत मुद्दामा विवादित कि.नं. ८०८ र ८०९ को जग्गा र जिरायत जग्गा समेतमा गुलफुल लगाई सोको आयस्ता रामचन्द्र श्री भगवानमा चढाउने र बाँकी साधु सन्तमा बाँडी दिने सर्तमा उक्त जग्गा म पुनरावेदकको मूल पुरुष गुरु वाजे दुर्गा चैतन्य ब्रम्हचारीलाई गुठी संस्थानले उपलब्ध गराएको हो। उक्त सर्त पूरा गर्ने कार्य म पशुपति चैतन्यले गरी आएको छु। उक्त जग्गा गुठी संस्थानले खिचोला गर्दा खिचोला ठहर भई मैले धनुषा जिल्ला अदालतबाट चलन पूर्जी प्राप्त गरी उक्त जग्गा वहालमा दिइ र फुल गुल लगाई सोको आम्दानी गुठीमा बुझाई आएको छु। सो कुरा विपक्षी शारदा देवीले मिति २०५२।०६।०२ गते धनुषा जिल्ला अदालतमा बयान गर्दा स्वीकार गरेकी छिन। सोही अनुसार उक्त जग्गा २ पटक करार गरी दिई वसपार्क सञ्चालित रहेको र सोको आयस्ता म पुनरावेदकले उठाइ गुठीमा बुझाएकोमा पनि विपक्षी सहमत नै छिन। उक्त जग्गाको वन्दोवस्ती र भगवानको पुजाआजा गर्ने कार्य म पुनरावेदकले गरी आएको कुरा स्वयं गुरु पिता स्व.पूर्ण चैतन्य ब्रम्हचारीले दे.ठा.नं. ७० को निषेधाज्ञा मुद्दाको निवेदनमा लेखी दिनु भएको छ। मेरो गुरु पिता र मेरो वीचमा गुरु चेलाको नाता कायम छ भनी जिल्ला प्रशासन कार्यालयको च.नं. १२४७ मिति २०४७।०९।०८ को पत्र र मालपोत कार्यालय, धनुषाको र.नं. २९४७ मिति २०३७।०९।२९ को राजिनामाले प्रमाणित छ।

गुरु पिता पूर्ण चैतन्य ब्रम्हचारी मिति २०४६।०१।२१ मा स्वर्गीय हुनु भएको हो। बजरंग चैतन्य र गणेश चैतन्य पनि हकवाला भएको भए गुठी चलाउन पाउनु पर्दछ भनी गुरु पिता पूर्ण चैतन्य ब्रम्हचारीको स्वर्गवास भएको मितिबाट १६ वर्ष भित्र नालेश गरी गुठीको ५ नं. वमोजिम हक कायम गराउन सक्नु पर्दछ। तर निजहरूले उक्त हदम्याद गुजारी सकेको र आजसम्म कहीं कतै उजुर गरेको छैन।

दावीको जग्गाको म पुनरावेदकले प.सं. ६०६० मिति २०४८।०३।०९ मा चलन पुर्जी प्राप्त गरी जग्गा भोग चलन गरी आएको हो। उक्त जग्गा गुरु पिता पुर्ण चैतन्य कै जीवनकालमा मैले चलन गरी आएको कुरा गुरु पिताले नै निषेधाज्ञा मुद्दामा लेखी दिनु भए अनुसार मैले भोग गरी आएको थिए। उक्त जग्गाहरूको शारदा देवीले कहाँबाट चलन पाएको हो भनी लेख्न र भन्न सकेकी छैनन। अर्कोतर्फ महन्त भन्ने पद महिलाको लागि होइन। शारदा देवी महिला भएकाले ब्रम्हचारी कूटीमा महन्त हुन सक्दिनन्।

विवादित जग्गाको मैले चलन पाएको आधारमा जग्गा वसपार्कलाई र मन्दिरलाई छुट्याई भोगी आएको जग्गा मध्ये इन्द्रदेव झाले होटल चलाएको जग्गा सानो हकाइ मात्र हो। इन्द्रदेव झा होटल चलाएको तथ्यमा नै इन्कार रहेको विषय पनि सान्दर्भिक छ। अतः इन्द्रदेव झालाई वहाल दिएको जग्गा वाहेकमा निज विपक्षीले चलन गरेको प्रमाणित गर्न सकेको अवस्था छैन। यसरी मेरो गुरु पिताले नै मलाई चेला सम्बोधन गरी राखेको र जग्गा मैले वन्दोवस्ती गरी आयस्ता उठाई रामचन्द्र जी भगवानमा फुल चढाएको भनी विपक्षीले समेत स्वीकार गरी रहेको अवस्थामा एक भन्दा वढी हकवाला रहेको भनी ४ जना हकवाला देखाइ दुई/दुई वर्षको पालो गर्न पाउने ठहर गरेको फैसला मुलुकी ऐन गुठीको महलको १० नं.को, अ.बं. १८३(क) १८४(क) नं. को विपरीत भएकोले पूर्णतः बेरितपूर्ण छ भन्नेसमेत बेहोराको पशुपति चैतन्य ब्रम्हचारीले मिति २०६७।०५।१३ मा यस अदालतमा पेस गरेको पुनरावेदन।

२१. मिति २००८।१२।०६ को वकसपत्र अनुसार विवादित कि.नं. ८०८ र ८०९ को जग्गा र गुठी तैनाथी गरी जम्मा २-१७-० जग्गाहरू मेरो लोग्नेको नाममा रहेको निजी हक भोगको जग्गा रहेकोमा निज लोग्नेको जीवनकालमा उक्त जग्गाहरू मध्ये कुल देवता हनुमान जीको मन्दिर देखि उत्तर तर्फबाट ४० हाथ लामो र २० हाथ चौडा जग्गामा होटल सञ्चालन गर्नलाई रु.१,१००।- प्रति महिना तिर्नेगरी प्रतिवादी इन्द्रदेव झालाई कागज गरी बहालमा दिएको हो। लोग्ने परिवारमा वस्दै रहनु भएकोमा परिवारको जेठो सदस्यको हैसियतले लोग्नेको मृत्युपछि उक्त जग्गाहरू जहिले सुकै रु. १० तिरी मैले नामसारी गराउन पाउने हो। साथै मालपोत कार्यालय धनुषामा अपुताली पाउनेको हैसियतले निवेदन दिंदा नामसारीमा कारबाही पनि चलाइएकोमा कारबाहीयुक्त अवस्थामा छ। उक्त जग्गाको सर्त वेचविखन गर्न नपाउने,जग्गाको आयस्ताबाट त्यसै जग्गामा रहेको कुल देवता हनुमान जीको पुजा पाठ गर्ने,साधु अभ्यागतको सेवा सत्कार दान पुण्य गरी बाँकी राम चन्द्रजी मा गुलफुल चढाउने मात्र रहेको छ तर नामसारी दाखिल खारेज, हकभोग र रेखदेख संरक्षण गर्नबाट वा उक्त जग्गामा लगानी वा आयस्ता लिन मलाई वञ्चित गरेको अवस्था छैन।

मेरा पति स्व.पूर्ण चैतन्य ब्रम्हचारीको मृत्यु पछि निज पतिले गरी आएको सामाजिक, घरायसी र धार्मिक कार्यहरू लगायत जग्गाको उद्देश्य र सर्त अनुसार वहालमा दिइ कूल देवता हनुमान जीको पूजापाठ गर्ने, आफ्नो कुलदेवताको मन्दिरको जिर्णोद्वार एवम् समय

समयमा रंग रोगन गरी सौन्दर्यकरण गर्ने, दान धर्म सदावर्त साधुसन्त अभ्यागतको सेवा सत्कार गरी रहेको साथै श्री राम चन्द्र, जीमा गुलफुल चढाउने कार्य मेरा माहिला छोरा चेला गणेश चैतन्य ब्रम्हचारी र कान्छो छोरा चेला वजरंग चैतन्य ब्रम्हचारी समेतको सहयोगमा मैले गर्दै गराउदै आएकोमा कुनै विवाद छैन। विपक्षी छोरा पशुपति कुलतमा लागि पति र मेरो उद्देश्य र धर्म कार्य छाडी अन्त गई परिवारका साथमा वसि होटल सञ्चालन गरी मलाइ दुःख दिने, भाईहरूलाई दुःख दिने, पुजा पाठमा बाधा व्यवधान उत्पन्न गराएका छन। विपक्षी पशुपतिको उक्साहटमा परी विपक्षी इन्द्रदेवले म सित वहालको कागज गरी होटल सञ्चालन गरेको भए तापनि वहालको रकम तिर्न नपरोस भनी आमा छोराका बीचमा घरायसी विवाद गराई सित्तैमा बसी होटल सञ्चालन गरी पैसा कमाउने भनी दुषित मनसाय लिएको छ। विपक्षी इन्द्रदेव झाले वहाल नतिर्नलाई पछिबाटै एकै मितिमा विभिन्न मितिको वहाल कागज वनाएको कुरा सो लेखत लेखे लिखतका साक्षी समेतबाट पुष्टि भइरहेको अवस्था छ। विपक्षी इन्द्रदेव झाले २०४७ साल देखि मलाइ वहाल कागज बनाई बहाल कागजले पनि उक्त जग्गा मेरो हकभोग चलन रेखदेखमा रहेको स्पष्ट छ।

विपक्षी पशुपति चैतन्यले आफनो बुवाको मृत्युपश्चात् जेठो छोराको हैसियतले वुवालाई दागवती दिनु पर्ने प्रथम दायित्व पनि निर्वाह नगरेका कारण माहिलो छोरा चेला गणेश चैतन्य ब्रम्हचारीले हिन्दु परम्परा अनुसार काजकृया गरेको हो। हिन्दु रितीरिवाज अनुसार जेठो छोराको दायित्व पुरा नगर्ने विपक्षीले चेला हुँ भन्न मिल्दैन। उक्त जग्गा सम्पति हात पार्ने मनसायले जालझेल परपञ्च गरेका हुन। अंश मुद्दामा आफनो अंश श्रीमतीको नाउँमा जाने गरी मिलापत्र गर्ने र श्रीमतीको नाउँको जग्गाहरू पनि बिक्री गरी गराई हिनामिना गरी सकेपछि मेरो लोग्नेको नाउँको जग्गा हात पार्न वक्रदृष्टि राखेको देखिन्छ। साथै विपक्षी पशुपतिले यसै मुद्दामा १३९ नं. वमोजिम बयान गर्दा, म मन्दिरमा बस्छु र उक्त मन्दिर वडा नं. ४ मा छ भनेका छन भने यसै मुद्दाको लगाउ राजकुमार अग्रवाल र ललनप्रसाद रौनियार भएको बहाल दिलाई घर जग्गा खाली गराई पाउँ भने मुद्दामा फिराद गर्दा आफ्नो वतन वडा नं. ८ मा देखाएको छ र अहिले आफ्नो वतन चाहीं वडा नं. ६ देखाई रहेको अवस्थामा घरवासको पनि ठेगान नभएको व्यक्ति चेला हुन सक्दैन।

अतः मैले विपक्षी इन्द्रदेव झालाई वहालमा दिएकोमा उक्त वहालको रकम मैले पाउनु पर्नेमा दुई/दुई वर्षको वहाल रकम उठाइ पुजा गर्नुपर्ने भनी मिति २०६६।०२।१८ मा भएको फैसला फैसला ने.का.प. २०४५ अंक २, नि.नं. ३३५२ तथा ने.का.प.२०६२ अंक २ नि.नं. ७५०३ समेत मुद्दामा प्रतिपादित सिद्धान्त विपरीत भएकोले उक्त फैसला वदर गरी वादी दावी अनुसार वहाल रकम दिलाई जग्गा खाली गराइ पाउँ भन्नेसमेत बेहोराको शारदा देवी ब्राम्हणीले मिति २०६७।१०।१० मा यस अदालतमा पेस गरेको पुनरावेदन।

२२. यसमा दोहोरो पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन परस्पर सुनाई लगाउको ०६७-RI-०८१७, ०६७-RI-०८१८ को जालसाजी निवेदन साथै राखी पेस गर्नू भन्ने यस अदालतबाट मिति २०७२।०५।०७ मा भएको आदेश।

## ठहर खण्ड

२३. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पशुपति चैतन्य ब्रह्मचारीको तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री श्यामप्रसाद खरेल र श्री प्रकाशबहादुर के.सी.का साथै विद्वान् अधिवक्ता श्री दिपकबहादुर के.सी. ले दावीको जग्गाको पुनरावेदकले प.स. ६०६० मिति २०४८।०३।०९ मा चलन पुर्जी प्राप्त गरी जग्गा भोग चलन गरी आएको हो, अन्य दुई जना श्याम भन्ने वजरंग चैतन्य र गणेश चैतन्य ब्रम्हचारीले मैले पनि हक पाउनु पर्दछ भनी कतै उजुर गरेको छैन र निजहरू प्रस्तुत मुद्दाका पक्ष पनि होइनन्, उक्त जग्गाको वन्दोवस्ती र भगवानको पुजाआजा गर्ने कार्य पशुपति चैतन्य ब्रह्मचारीले गरी आएको कुरा स्वयं गुरु पिता स्व.पूर्ण चैतन्य ब्रम्हचारीले देवानी दायरी नम्वर ७० को निषेधाज्ञा मुद्दाको निवेदनमा लेखी दिएको अवस्था छ, स्व.पूर्ण चैतन्य ब्रम्हचारी र पुनरावेदक पशुपति चैतन्य ब्रह्मचारी बिचमा गुरु चेलाको नाता कायम छ भनी जि.प्र.शा.का.को च.नं. १२४७ मिति २०४७।९।८ को पत्र र मा.पो.का. धनुषाको र.नं. २९४७ मिति २०३७।९।२९ को राजिनामाले प्रमाणित गरेकोले चेला पशुपति चैतन्य ब्रह्मचारी नै हुन्, कि.नं. ८०८ र ८०९ को जग्गाहरू निज पशुपति चैतन्य ब्रह्मचारीले नै वन्दोवस्ती गरी आयस्ता उठाई रामचन्द्र जी भगवानमा फूल चढाएको भनी विपक्षी शारदा देवी ब्राम्हणीले मिति २०५२।०६।०२ गते धनुषा जिल्ला अदालतमा बयान गर्दा स्वीकार

गर्नु भएको छ र पुनरावेदकले दावी नै नलिएको विषयमा फैसला गरेको गुठीको ५ नं. विपरित एक भन्दा वढी हकवाला रहेको भनी चार जना हकवाला देखाइ दुई/दुई वर्षको पालो गरी उक्त जग्गाको भोग चलन गरी राम मन्दिरको पूजा पाठ चलाउन पाउने ठहर गरेको पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा भएको फैसला मुलुकी ऐन गुठीको महलको दफा १० को व्यवस्थाको प्रतिकुल भएकोले बदर गरिपाउँ भन्ने वहस गर्नु भयो।

त्यसैगरी पुनरावेदक/वादी शारदादेवी ब्राम्हणीका तर्फबाट उपस्थित हुनुभएको विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री महादेव प्रसाद यादव, श्री हरिहर दाहाल, श्री लव कुमार मैनाली र श्री युवराज भण्डारीले दुई/दुई वर्षको पालो गरेर जग्गाको बहाल आपसमा उठाई पुजा गर्नु पर्ने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा भएको फैसला त्रुटिपुर्ण रहेको, मिति २००८।१२।०६ को वकसपत्र अनुसार कि.नं. ८०८ र ८०९ का जग्गाहरू पूर्ण चैतन्य ब्रम्हचारीले हक भोग गरी आएकोमा निजको शेष पछिको पहिलो हकदार पुनरावेदक शारदा देवी ब्राम्हणीले भोग चलन गरी उक्त जग्गामध्ये केही जग्गा प्रतिवादी इन्द्रदेव झालाई बहालमा दिएको र सो कागज अदालतबाट सद्दे ठहरेको, स्व.पूर्ण चैतन्य ब्रम्हचारीको मृत्यु पछि घरको मुख्य व्यक्ति श्रीमतीको हैसियतले गर्नुपर्ने सबै कार्यहरू निज शारदादेवीले नै गर्दै आएको अवस्था छ र लोग्नेको कृत अनुसारको कामकाज पुजा धर्म कर्म सदावर्त गरी बाँकी रहेको श्री रामचन्द्र जीमा गुलफुल चढाउने कार्य शारदादेवी ब्रह्माणीले गरेकोले उक्त जग्गाको भोग चलन गर्न सबै अंशियारले नभई निजले मात्र पाउनुपर्ने भन्ने बहस प्रस्तुत गर्नुभयो।

गुठी संस्थानको तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री ज्ञानेन्द्र पोखरेलले उक्त जग्गाको तिरो गुठी संस्थानले लिने गरेको, प्रस्तुत गुठीका सम्बन्धमा गुठी संस्थान ऐन, २०३१ को दफा १६ र २० आकर्षित हुन्छ, कि.नं. ८०८ र ८०९ को जग्गाहरू भगवान रामको नाममा स्थापित राम मन्दिर गुठीको भएको हुँदा उक्त जग्गाहरूबाट प्राप्त आयस्ता पुर्णरुपमा भगवानको सेवा वा धार्मिक कार्यको लागि नै प्रयोग गरिनुपर्दछ, Trust and beneficiary को सिद्धान्त बमोजिम साबिकमा जे प्रयोजनका लागि गुठी राखिएको हो सोही प्रयोजनमा प्रयोग हुनुपर्दछ, राम मन्दिरको नाममा जग्गाधनी प्रमाण पत्र बन्नेगरी त्यसको विवरणमा दुर्गा चैतन्य ब्रह्मचारीका सन्तान मध्येको पुजा पाठ गर्न इच्छित व्यक्तिले र एक भन्दा बढी व्यक्ति इच्छुक भए दुई वर्षको आलो पालो

मिलाउन सकिने गरी गर्न सकिन्छ, जिल्ला प्रशासन कार्यालयको रोहवरमा जग्गालाई करार गरी आयस्तामा लगाउदा त्यस्तो पालो परेको पुजारी जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र गुठी संस्थानको स्थानीय प्रतिनिधिको संयुक्त सहीबाट खाता चल्नेगरी बैंक खाता स्थापना गरी सञ्चालन गर्न सकिन्छ, राम मन्दिर निजी गुठी भएकाले यसमा भएका परिवर्तनहरूको नियमित जानकारी गराउने जिम्मेवारी पालो परेको पुजारीको हुने गरी गुठी संस्थानबाट नियमित अनुगमन गर्ने/गराउने व्यवस्था मिलाउन सकिने नै देखिन्छ र दुर्गा चैतन्य बह्मचार्यका सन्ततीहरूलाई गुठीयार कायम गरी सद् आचरण भएको पुजा पाठ गर्न जानेको लगायतका सर्त राखी सो योग्यता भएकाहरूको सूची तयार गरी निजहरूबीच पालो बाँडफाँड गर्ने, खर्च विवरण राखे, आयस्तालाई पारदर्शी गर्ने गरी सम्बन्धित गुठीले आवश्यक नियमावली बनाई कार्यान्वयन गर्न सक्ने नै देखिन्छ भनी वहस प्रस्तुत गर्नुभयो।

२४. यसमा, मेरो पति स्व. पुर्ण चैतन्य ब्रम्हचारीको नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुर नगरपालिका वडा नं. ४ अन्तर्गत सा. कि.नं. ८०८, ८०९ को १-१२-० र जिरायत जग्गा १-५-० समेत गरी २-१७-० जग्गा मध्ये जलेश्वर जाने पिच रोड सो पूर्व महाविर मन्दिर सो उत्तर तर्फबाट ४० हात लम्बाई २० हात चौडाई जग्गामा खपडाको छाना भएको घर बनाई होटल सञ्चालन गर्नलाई जग्गाको प्रति महिना रु.१,१००।– का दरले बहाल तिर्ने गरी मिति २०४७।०४।२० मा बहालको कागज गरी दिएकोमा सो जग्गाको २०५७ साल आषाढ देखि बहाल नबुझाएकोले सो मितिदेखि फिराद दायर भएको मिति सम्मको १ वर्ष २ महिनाको प्रति महिना रु.१,१००।- ले हुने रु.१५,४००।- र मुद्दा फैसला भै जग्गा खाली नगरेसम्मको बहाल तथा कोर्ट फी समेत दिलाइ भराइ उक्त जग्गासमेत खाली गराई पाउँ भन्ने वादी शारदा देवी ब्राम्हणीको फिराद रहेकोमा मैले सो जग्गा बहालमा लिने सम्बन्धमा कुनै कागज नगरेकोले वादी दावी झुठा हो भन्ने प्रतिवादी इन्द्रदेव झाको प्रतिउत्तर रहेको देखिन्छ। वादी दावीको घर बहाल सबै अंशियारले भरी पाउने भनी धनुषा जिल्ला अदालतबाट मिति २०६१।०१।२८ मा फैसला भएकोमा सो उपर वादी शारदा देवी ब्राम्हणी र प्रतिवादी पशुपति चैतन्य ब्रम्हचारी दुवै पक्षको पुनरावेदनमा सुरु फैसलामा केही उल्टि गरी दुई/दुई वर्षको पालो गरेर जग्गाको बहाल आपसमा उठाई पुजा गर्नु पर्ने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा फैसला भएको

पाइयो। पुनरावेदन अदालतको उक्त फैसलामा समेत चित्त नबुझाई वादी शारदा देवी ब्राम्हणी र प्रतिवादी इन्द्रदेव झासमेत दुवै पक्षको पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको देखियो।

२५. उल्लिखित तथ्यगत बेहोरा र विद्वान् कानून व्यवसायीहरूबाट प्रस्तुत बहस जिकिर सुनी दुवै पक्षका तर्फबाट परेको पुनरावेदनसहितको मिसिल एवम् कागज प्रमाणसमेत अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा मुख्य गरी देहायका विषयमा निर्णय दिनुपर्ने देखियो:-

(क) राम मन्दिरमा पुजा आजा गर्ने पुजारी स्व. पुर्ण चैतन्य ब्रह्मचारीको शेषपछिको उत्तराधिकारीको रुपमा चेला वा महन्तको जिम्मेवारी कसैलाई तोकिएको देखिन्छ की देखिंदैन? चेला तोकिएको भए वादी वा प्रतिवादी मध्ये कसको नाममा चलन रहेको देखिन्छ?

(ख) राम मन्दिर गुठीमा रहेका कि.नं. ८०८, ८०९ र जिरायत जग्गाहरू बहालमा दिने लगायतको व्यवस्थापन गरी त्यसबाट प्राप्त आयस्ताबाट राम मन्दिरको पूजापाठ गर्ने हक र जिम्मेवारी वादी वा प्रतिवादी मध्ये कसमा रहेको देखिन्छ?

(ग) वादीले दावी लिएको वादी शारदा देवी ब्राम्हणी र प्रतिवादी इन्द्रदेव झा बीच मिति २०४७।०४।२० मा भएको बहालको कागज सद्दे हो, होइन? वादी दावी बमोजिमको बहाल रकम प्रतिवादीबाट भराइ जग्गा खाली गरिदिनु पर्ने हो, होइन?

(घ) पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन?

२६. अव, निरुपण गरिनुपर्ने उल्लिखित प्रश्नहरूका सम्बन्धमा निर्णय दिनु अघि, प्रस्तुत मुद्दामा विवादको मुल विषयका रुपमा रहेको गुठीको नाममा रहेका जग्गा वा सम्पत्तिको हक भोग र उपयोगका सम्बन्धमा तत्काल प्रचलनमा रहेका कानूनी व्यवस्था र यस अदालतबाट गुठीका सम्बन्धमा परेका मुद्दामा भएका फैसलामा स्थापित न्यायिक सिद्धान्त समेतको अध्ययन गरी हेर्नु पर्ने देखियो। सर्वप्रथम गुठीका सम्बन्धमा तत्काल प्रचलित संवैधानिक एवम् कानूनी व्यवस्थाको उल्लेख गर्नु वाञ्छनीय देखिन्छ।

(क) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १९ को उपधारा (२) मा **"प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ।"** भन्ने व्यवस्था रहेको देखिन्छ। संविधानको यो व्यवस्थाले हरेक धार्मिक सम्प्रदायलाई आफ्नो धर्म

परम्पराको सञ्चालन र प्रवर्द्धन गर्न गुठीको स्थापना गर्नसक्ने हक सुनिश्चित गरेको देखिन्छ। मुलुकी ऐन, २०२० गुठीको महलको ११ नं. मा **"भेषधारीहरूले गुठी नराखी आफना नाउँमा दरिएको वा आफ्नु हक पुग्ने जग्गाको पोत तिरो तिरी बाँकी रहेको आफूले खान पाउने आयस्ताबाट देव देवताको पूजा आजा धर्म सदावर्त इत्यादि काम चलाउने गरी राखेको वा काम चलाई आएका जग्गा ती मरिसकेपछि तिनका चेलाले लागेको पोत तिरो तिरी बाँकी रहेको आयस्ताबाट साबिक बमोजिको काम चलाई शेष बाँकी रहनेमा सो शेषसम्म खान हुन्छ। त्यस्तो जग्गा बन्धक राख्न वा हक छोडी बिक्री दान बकस इत्यादि गरी दिन लिन समेत हुँदैन। मालपोत तिरो बाँकी राखे कानून बमोजिम पजनी हुन्छ"** भन्ने व्यवस्था रहेको देखिन्छ। यो व्यवस्थाले गुठीमा रहेका जग्गाहरूको पोत गुठीयारले बुझाई त्यस्ता जग्गाबाट प्राप्त आयस्ता गुठीको सञ्चालन पुजा आजामा नै खर्चिनुपर्ने गरी कानूनी व्यवस्था भएको देखियो। मुलुकी ऐन २०२० गुठीको महलको १२ नं. मा **"कुनै मठ स्थानको महन्तको पद रिक्त भएमा शिष्य उपशिष्यले सो महन्त्याई चलाउने लालमोहर भएकोमा सो मठ स्थानको काम राम्रोसंग चलाउन सक्ने नेपाली नागरिक शिष्य उपशिष्यले सो महन्त्याई पाउनेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। यो व्यवस्थाले मठको महन्त नेपाली नागरिक भई राम्रोसँग चलाउन सक्ने अर्थात सक्षम र योग्य पनि हुनुपर्ने भन्ने देखियो। राजगुठीलाई नेपाल सरकारको अधीनबाट झिकी एक संस्थानको जिम्मा सुम्पी राजगुठीहरूलाई सुव्यवस्थित रूपले सञ्चालन गराउने[१] उद्धेश्यले गुठी संस्थान ऐन, २०३३ जारी भएको देखिन्छ। उक्त ऐनको दफा २(ग) मा **"गुठी" भन्नाले कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनुपर्छ"**भनी गुठीको परिभाषा गरेको पाइन्छ। प्रस्तुत मुद्दामा कि.नं. ८०८ र

[१] हेर्नुहोस: गुठी संस्थान ऐन २०३३ को प्रस्तावना

८०९ र जिरायतसमेतका जग्गाहरू राखी स्थापित राम मन्दिर गुठी उल्लिखित गुठीको परिभाषाभित्र पर्ने नै देखियो।

(ख) गुठी संस्थान ऐनको दफा १९क. मा निजी गुठीको लगत शीर्षकको उपदफा (१) मा "निजी गुठीका गुठीयारले गुठीको लगत तोकिए बमोजिमको ढाँचामा संस्थानमा दिनु पर्नेछ। भन्ने र उपदफा (२) मा उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि संस्थानले व्यक्तिगत वा पारिवारिक रूपमा र सामाजिक हितको लागि राखिएका निजी गुठीको लगत तोकिए बमोजिम छुट्टाछुट्टै राख्नु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। ऐ. को दफा २० मा "निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने शीर्षक अन्तर्गत उपदफा (१) मा "कुनै निजी गुठीको दाता समेतसबै वा अधिकांश गुठीयारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी बन्दोबस्त र सञ्चालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई बन्दोवस्त र सञ्चालन गर्न सक्नेछ" भन्ने, ऐ.को उपदफा (२) मा "व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका निजी गुठी बाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठीयारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिए बमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठीयारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोवस्त सञ्चालन गर्न सक्नेछ" भन्ने, ऐ.को उपदफा (३) मा "पशुपति अमालकोट कचहरीमा कूत बुझाउनु पर्ने वा पशुपति गुह्येश्वरीसँग सम्बन्धित सबै खालका गुठीको जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ" भन्ने र ऐ.को उपदफा (४) मा "उपदफा (१) वा (२) बमोजिम संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल, अचल जायजेथा, देवमूर्ति समेत उपर निजी गुठी वा दाता गुठीयारको भैरहेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता, गुठीयार, खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। यो व्यवस्थाले निजी गुठीको लगत गुठीयारले गुठी संस्थानमा दिनुपर्ने र गुठी संस्थानले प्राप्त लगतको वर्गीकृत अभिलेख तयार गरी राख्नुपर्ने र गुठीयारको अनुरोधमा वा गुठीको सम्पत्ति हिनामिना गरेको अवस्थामा निजी गुठीको हक दायित्वसमेत गुठी संस्थानले लिन सक्नेगरी कानूनी व्यवस्था भएको देखियो।

(ग) गुठी स्थापना, सञ्चालन र व्यवस्थापनका सन्दर्भमा तत्कालिन समयमा प्रचलित कानूनी व्यवस्थाको अध्ययनपश्चात् यस अदालतबाट गुठीका सम्बन्धमा परेका मुद्दाको रोहमा स्थापित न्यायिक सिद्धान्तको संक्षिप्त चर्चा गर्नु वाञ्छनीय हुने देखिन्छ। निवेदक जनहित संरक्षण मञ्च विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद सचिवालयसमेत भएको उत्प्रेषण परमादेश मुद्दा[२] मा "दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरु कुनै सम्पत्ति वा रकममा आफ्नो निजी हक छाडी सार्वजनिक हितका लागि समर्पण गर्ने हुँदा गुठी भनेको कुनै सामाजिक वा धार्मिक कार्य निरन्तर रुपले सञ्चालन गर्न आफ्नो सम्पत्तिको हक वा स्वामित्व हस्तान्तरण पनि हो, जसले गुठी स्थापना गर्छ वा राख्दछ, उसले सँगसँगै त्यस्तो सम्पत्तिमा आफ्नो हक Wave पनि गर्दछ। गुठीको सिर्जनासँगै व्यक्तिको हक समाप्त हुन्छ। गुठी, व्यक्तिको हक समाप्त हुने र समूह, समूदाय वा सम्प्रदायको हक सिर्जना हुने प्रक्रिया भएकाले गुठी राख्नेले आफ्नो इच्छापत्र मार्फत व्यक्त इच्छालाई नमासिने गरी जोगाई निरन्तरता (perpetual continuity) प्रदान गर्नु राज्य वा राज्यको अङ्ग अर्थात् सरकारको अङ्गका रुपमा रहेका गुठी संस्थान जस्ता Agency वा Instrumentality of the State को कानूनी कर्तव्य हुने" भनी यस अदालतको विशेष इजलासबाट सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ। त्यस्तै पुनरावेदक/प्रतिवादी आसामाया श्रेष्ठको मु.स.गर्ने सुकु श्रेष्ठको छोरा नारायण श्रेष्ठ विरुद्ध गुठी संस्थान केन्द्रिय कार्यालय काठमाडौंसमेत भएको मोही नामसारी मुद्दा[३] मा "पुर्खाले निश्चित धार्मिक प्रयोजनको लागि खडा गरेको निजी गुठी पछिल्ला पुस्ताले गुठीको प्रयोजन लोप गरी तथ्य लुकाई निजी बनाउने, त्यस्ता गुठीयारले धार्मिक गुठी जग्गा रैकरमा परिणत गरी बेचबिखन गरी आफूलाई व्यक्तिगत लाभ पुऱ्याउने जस्ता काम गर्न छुट दिन नसकिने। एकातिर गुठी नै लोप गर्ने कार्यबाट धर्मलोप हुन जान्छ भने अर्कोतर्फ पुर्खाले नै आफ्नो हक छाडी धार्मिक वा सामाजिक कार्यको लागि समर्पण गरिसकेको जग्गा जमिन आदि पछिल्लो पुस्ताले लोभ लालचमा फसी दावी गरी आफूखुसी गर्ने कार्यबाट गुठीको लागि आफ्नो हक छाडी जग्गा दान गर्ने पुर्खाको उद्देश्य नै समाप्त हुन जाने। गुठीको प्रयोजनार्थ राखिएको सम्पत्ति अंश, अपुताली, दानबकस आदिबाट

[२] नेकाप, २०६४, माघ महिना, निर्णय नं. ७८८५

[३] नेकाप, २०७७, असार महिना, निर्णय नं. १०४४८

गुठीको उद्देश्यविपरीत हुने वा अस्तित्व समाप्त हुने गरी स्वामित्व हस्तान्तरण हुने प्रकृतिको नहुने।" भनी यस अदालतको पुर्ण इजलासबाट सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ। त्यस्तै निवेदक महन्त रामचन्द्र भारती विरुद्ध संसद सचिवालयसमेत भएको उत्प्रेषण निवेदन[४] मा "गुठी संस्थान ऐन, २०३३ प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भै संस्थान स्वयंले वन्दोवस्त र सञ्चालन गरी आएको गुठी जग्गालाई राजगुठी र गुठीको पर्व पुजा इत्यादि दानपत्र लिखत वमोजिम काम चलाई वांकी रहेको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउनु पर्ने वा त्यस्तो गुठी चलाउनेले शेष कसर खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै श्री ५ को सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु पर्ने दायित्वबाट छुट पाएको गुठीलाई छुट गुठी मानिने कानूनी प्रावधान रहेको पाइन्छ। उक्त प्रावधानबाट नेपाल अधिराज्यको विभिन्न भागमा छरिएर रहेका राजगुठीहरूलाई सुव्यवस्थितरुपले सञ्चालन गर्न नै गुठी संस्थानको स्थापनाको उद्देश्य रहेको देखिन्छ। तसर्थ राजगुठीमा परिणत भएका छुट गुठी र निजी गुठीको दानपत्र, लिखत र परम्परा वमोजिम पर्व पुजा इत्यादि नरोकिने र धर्मलोप नहुने गरी वन्दोवस्त र सञ्चालन गर्नु गराउनु पर्ने गुठी संस्थानको कर्तव्य तोकिएको छ। निजी गुठीको हकमा दफा २० वमोजिम कुनै निजी गुठीको दाता समेत सबै वा अधिकांश गुठीयारले त्यस्तो गुठीको हक दायित्व संस्थानले नै वेहोर्ने गरी संस्थानबाट वन्दोवस्त र सञ्चालन हुन लिखित अनुरोध गरेमा मात्र संस्थानले त्यस्तो निजी गुठीलाई आफ्नो हक दायित्वमा लिई वन्दोवस्त र सञ्चालन गर्न पाउँछ अन्यथा नपाउने।" भनी यस अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ। पुनरावेदक/प्रतिवादी तुल्सीमाया महर्जन विरुद्ध प्रत्यर्थी/वादी पञ्चनारायण महर्जनसमेत भएको दर्ता बदर मुद्दा[५] मा "संवैधानिक एवम् कानूनी व्यवस्थाका आधारमा गुठी तैनाथी जग्गा गुठी अधिनस्थ जग्गामा, गुठी अधिनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता गर्ने कार्य स्वभावतः गुठी स्थापनाको उद्देश्य प्रतिकूलको कार्य हो भन्ने नै देखिने। गुठी तैनाथी जग्गा गुठी अधिनस्थ जग्गामा, गुठी अधिनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता हुनबाट जोगाउन जुनसुकै चरणमा पनि हस्तक्षेप गर्न सक्ने संस्थानको अधिकार गुठी संस्थान ऐन,

[४] नेकाप, २०५३, मंसिर महिना, निर्णय नं. ६२३९

[५] नेकाप, २०७२, चैत्र महिना, निर्णय नं. ९५०४

२०३३ को दफा ३९ को उपदफा (१) ले सुनिश्चित गरेको पाइने" भनी यस अदालतको पुर्ण इजलासबाट सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ। पुनरावेदक/वादी ज्ञानेन्द्ररत्न तुलाधर विरुद्ध प्रत्यर्थी/प्रतिवादी रेसमान तुलाधरसमेत भएको धर्मलोप मुद्दा[६] मा "गुठीका गुठीयारहरूको प्रमुख उद्देश्य अघिदेखि चली आएको पूजाआजा चलाई सामूहिक रुपले थिति बन्देजअनुसार भोग चलन गर्न पाउनेसम्म हुन्छ। गुठीको सम्पत्ति नासी, मासी वा खण्डीकरण गरी गुठीको सनातनदेखिको अस्तित्वलाई लोप गर्नु गुठीको उद्देश्य एवं मान्यताविपरीत हुने। गुठीको एउटै जग्गा एकाको नाउँमा हक कायम हुँदा गुठी कायम हुने र अर्काको नाउँमा हक कायम हुँदा गुठी नहुने भनी अर्थ गर्न समेत मिल्दैन। अतः उक्त जग्गाको साबिकको हकको स्रोत एवं २०५४ सालमा भएको मिलापत्र समेतबाट वादी प्रतिवादीहरू दुवै पक्षको हक कायम भएको जग्गाको साबिकको स्रोत र स्रेस्ता नै परिवर्तन हुने आधार नदेखिँदा सो जग्गा गुठी नै कायम हुने गरी जग्गाको आयस्ताबाट सनातनदेखि चली आएको पर्व पूजालाई निरन्तरता दिनुपर्ने" भनी सिद्धान्त स्थापित भएको देखियो। निवेदक मनोजमान जोशीसमेत विरुद्ध विपक्षी/वादी भूमिसुधार कार्यालय काठमाडौंसमेत भएको उत्प्रेषणसमेत निवेदन[७] मा "गुठीबाट व्यक्तिको हक समाप्त हुने र समूह, सम्प्रदाय वा समुदायको हक सिर्जना हुने प्रक्रिया भएकाले गुठी राख्नेले आफ्नो इच्छापत्रमार्फत् व्यक्त इच्छालाई नमासिने गरी जोगाई निरन्तरता (Perpatual continuity) प्रदान गर्नु राज्य वा राज्यको अङ्गका रुपमा रहेका सबै निकायहरूको कानूनी कर्तव्य हुने। ...जग्गाको आकार र जग्गामा घरले चर्चेका कारण बाँडफाँड गर्न नमिल्ने हुँदा कानूनबमोजिम मोहीका नाममा पूरै जग्गाको स्वामित्व कायम हुन आएपनि परम्परा, धर्म, संस्कृति, प्रचलन, मान्यता र कानूनले नै गुठी प्रथालाई मान्यता प्रदान गरी गुठी नेपालको संस्कृति, धर्मको एक अभिन्न कानूनी अङ्ग भएको र त्यसलाई कानूनले नै मान्यता प्रदान गरेको अवस्थामा गुठीयार नभएपनि गुठीको पूरै जग्गाको जग्गाधनी बनेपछि त्यस्तो जग्गासँग गाँसिएको र त्यस्तो जग्गाले बोकेको (Legacy) बाट उन्मुक्त हुन नसक्ने।" भनी सिद्धान्त स्थापित भएको देखियो।

[६] नेकाप, २०६८, जेष्ठ महिना, निर्णय नं. ८५६३

[७] नेकाप, २०६७, जेष्ठ महिना, निर्णय नं. ८३१६

(घ) यस अदालतबाट भएका अन्य निर्णयहरु जस्तै पुनरावेदक/वादी गुणराज पराजुलीको मु.स. गर्ने गोपालप्रसाद पराजुली विरुद्ध पुनरावेदक/प्रतिवादी सत्यदेवी पौडेलको मु.स. गर्ने ऋषिराम पौडेलसमेत भएको निर्णय दर्ता स्रेस्ता बदर गरी दर्ता गरिपाउँ मुद्दा[८] मा "सार्वजनिक प्रकृतिको गुठीजन्य-सम्पत्ति हिनामिना हुनबाट बचाउन तथा नासिन र मासिन नदिन त्यसको व्यवस्थापन एवम् बन्दोबस्त कुनै व्यक्तिबाट नभई राज्यकै तर्फबाट अर्थात् राज्यको तर्फबाट गुठी जग्गा प्रशासन गर्ने निकाय गुठी संस्थानबाट मात्र हुन वाञ्छनीय हुन्छ। त्यस्तो सार्वजनिक प्रकृतिका गुठीजन्य सम्पदा तथा सम्पत्ति नासिन तथा मासिन नदिई कुनै पनि बेहोराले त्यसको स्वामित्व कुनै व्यक्तिको नाममा हस्तान्तरण हुन नदिनु गुठी संस्थान तथा मालपोत कार्यालयलगायतका सरकारी निकायको कर्तव्य भएको भन्ने कुरामा विवाद हुन नसक्ने।" भनी व्याख्या भएको पाइन्छ। निवेदक बैकुण्ठ तिवारी भन्ने बैकुण्ठदास बैष्णव विरुद्ध गुठी संस्थान केन्द्रिय कार्यालय काठमाडौंसमेत भएको उत्प्रेषण[९] मा "देशभित्र रहेका मठ मन्दिरहरू जनताका अमूल्य सम्पत्ति हुन्। पूर्वजहरूले हामीलाई यी अमूल्य निधिहरू नासोको रूपमा छाडेका हुन् र भावी पुस्तालाई हामीले सोहीरूपमा हस्तान्तरण गर्ने कर्तव्य राख्दछौं। नेपालको संविधानले अङ्गीकार गरेको "अन्तरपुस्ता समन्याय" को सिद्धान्तको मान्यता पनि यही हो। कुनै धार्मिकस्थल तथा धार्मिक गुठीको सञ्चालनमा व्यक्तिगत लोभलालच वा स्वार्थको कुनै स्थान हुनु हुँदैन। चाहे गुठी संस्थान होस् वा महन्त वा जग्गा कमाउने मोही नै किन नहोस्, मठ मन्दिर वा गुठी परम्पराको विनास गर्ने हक कसैलाई नहुने। स्वार्थवश गरिएका कुराहरूलाई छुट दिंदा हाम्रा धार्मिक र साँस्कृतिक धरोहर नासिनुका साथै सभ्यतासमेत स्खलित हुन पुग्छ। मठको महन्त वा पुजारी भनेको मठ मन्दिरको न्यासी (Trustee) हो, त्यसबाट फाइदा लिने व्यक्ति होइन। उसले भगवानको मन्दिरमा बसी आराधना गर्ने, मठको सम्पत्ति तथा परम्परा जोगाउने र लोक कल्याण गर्ने हो, मठको सम्पत्ति नास गर्ने होइन। मठ मन्दिरको सम्पत्ति नास गर्ने कार्यलाई अदालतले छुट दिन नसक्ने।" भनी सिद्धान्त स्थापित भएको देखियो। त्यस्तै सरोजकुमार नायक सुडी विरुद्ध हर्षनारायण झा भन्ने सिताराम दास भएको बहाल

[८] नेकाप, २०७५, असोज महिना, निर्णय नं. १००३१
[९] नेकाप, २०७६, असार महिना, निर्णय नं. १०२२५

लिई घर खाली गराई चलन मुद्दा(०७४-CI-०८९४)[१०]मा कानून र भू-स्वामित्वमा आएको परिवर्तनसँगै रकम वा जिन्सी तथा नियमित कुत बुझाई *मनखप* लिने प्रचलन जग्गा धनी र कमाउने व्यक्तिको हकमा समेत कानूनले मान्यता नदिएको र भूमि सम्बन्धी कानूनमा आएको परिवर्तनबाट जग्गामा मोही लाग्ने व्यवस्थासमेत समाप्त भएको परिप्रेक्षमा जनकपुर जस्तो ऐतिहासिक तथा धार्मिक र सांस्कृतिक महत्वको ठाउँमा रहेका निजी प्रकृतिका गुठीहरूमा भेषधारी तथा गुठीयारहरूले परम्परागत प्रकृतिको गुठीको सम्पत्ति मनखपमा लगाउने प्रचलनलाई उपयुक्त मान्न सकिने देखिएन। सामान्यतया निजी गुठीका जग्गा वा भवनमा भाडा लगाउनु पर्ने भए सम्पूर्ण विवरण खोली निश्चित समयलाई करारको माध्यमबाट भाडामा लगाउने र त्यस्तो कार्यलाई गुठी संस्थान ऐन, २०३३ को दफा १९क. बमोजिम गुठी संस्थानमा नियमित विवरण पेस गर्नु पर्ने देखिंदा यस सम्बन्धमा उक्त कि.नं.२१ को महाबीर हनुमानजीको नाममा रहेको जग्गाका गुठीयार हर्षनारायण झा भन्ने सिताराम दासलाई ध्यानाकर्षण गराउने...उक्त गुठी निजी प्रकृतिको भेषधारीले स्थापना गरेको गुठी देखिएको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा १६ बमोजिमको राजगुठीको व्यवस्था आकर्षित नहुने देखिएतापनि गुठी जनिएको उक्त जग्गा विक्रिवितरण नहुने र उद्देश्य अनुरुप सञ्चालन हुनु पर्ने दायित्व मठाधीश तथा गुठीयार महन्तको देखिने भएकोले भेषधारी गुठीको भावना र धार्मिक कार्यको उद्देश्य अनुरुप यसरी प्राप्त हुने बहालवापतको रकम भगवान महाबीर हनुमान र श्रद्धालु भक्तजनको सेवामा खर्च गर्न धार्मिक, नैतिक र कानूनीरुपले बाध्य भएको" भनी गुठीको सम्पत्तिको संरक्षण र उपयोगका सम्बन्धमा गुठी संस्थान र गुठीयारलाई जिम्मेवार बनाउने गरी यस अदालतको संयुक्त इजलासबाट व्याख्या एवम् विवेचना भएकोले उक्त व्याख्या प्रस्तुत मुद्दाको निरुपणका सम्बन्धमा सान्दर्भिक हुने देखियो।

२७. उल्लिखित न्यायिक व्याख्या एवम् सिद्धान्तको अध्ययनबाट <u>जुनसुकै प्रकारको गुठीका नाममा रहेका सम्पत्ति व्यक्तिको नाममा कुनै प्रकारले पनि हक हस्तान्तरण हुन नसक्ने, गुठीको सम्पत्ति स्थापनाको उद्देश्यका लागि गुठीको परम्परा एवम् धर्म र संस्कृतिको जगेर्नाका लागि नै उपयोग गर्नुपर्ने साथै गुठीको नामको सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्नु सम्बन्धित गुठीका गुठीयार, गुठी संस्थान लगायत सबै सरकारी निकायको कर्तव्य हुने</u>

[१०] फैसला मिति २०७९।८।७

पशुपति चैतन्य ब्रम्हचारी विरुद्ध शारदा देवी ब्राम्हणी, ०६७-CI-०८७८,
शारदा देवी ब्राम्हणी विरुद्ध इन्द्रदेव झासमेत, ०६७-CI-१३७८ मुद्दाः बहाल दिलाई घर खाली गराई पाउँ, पेज २१

भन्ने सम्बन्धमा यस अदालतको निरन्तर प्रकृतिको न्यायिक नीति एवम् निर्देश भएको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था एवम् न्यायिक नीतिसमेतको रोहमा हेरी प्रस्तुत विवादको निरुपण गर्नुपर्ने हुन आयो।

२८. अब राम मन्दिरमा स्व.पुर्ण चैतन्य ब्रह्मचारीको शेषपछिको उत्तराधिकारीको रुपमा चेला वा महन्तको जिम्मेवारी कसैलाई तोकिएको वा नतोकिएको र चेला तोकिएको भए चलन कसको नाममा रहेको भन्ने **पहिलो प्रश्नतर्फ हेर्दा,** प्रस्तुत मुद्दामा विवादित कि.नं. ८०८, ८०९ र जिरायत जग्गा राम मन्दिर गुठीको नाममा रही बिक्रि गर्न नपाउने र अपुतालीबाट हक कायम नहुने किसिमको देखिएको छ। यिनै वादी र प्रतिवादी रहेको अंश मुद्दामा उक्त जग्गा बण्डा नलाग्ने भनी भएको फैसला अन्तिम भई बसेको देखिन्छ। गुठीमा रहेका उल्लिखित विवादित कित्ता जग्गाको स्वामित्वका सम्बन्धमा विवाद रहेको देखिंदैन। राम मन्दिर गुठीको नाममा रहेका जग्गा बहालमा प्रतिवादीलाई दिएकोमा सम्झौता अनुसारको बहाल रकम प्रतिवादी इन्द्रदेव झाले नतिरेकोले बहाल उठाई जग्गासमेत खाली गरिपाउँ भन्ने वादी शारदादेवीको फिराद दावी रहेको देखिन्छ। पुनरावेदक/वादीले राम मन्दिर गुठीमा रहेका उल्लिखित जग्गाको भोग चलन गरी भगवान रामजीलाई गुलफुल चढाउने महन्त स्व. पुर्ण चैतन्य ब्रह्मचारीको शेषपछिको उत्तराधिकारीको रुपमा निजको एक मात्र पत्निका हैसियतले आफ्नो हक रहेको र सो कार्यहरू आफैले गर्दै आएकोले चेला आफू नै रहेको भनी दावी गरेको देखिन्छ। अ.बं.१३९ नं बमोजिम बुझिएका प्रतिवादी पशुपति चैतन्य ब्रह्मचारीले भने स्व. पिता पुर्ण चैतन्य ब्रह्मचारीले नै आफूलाई गुरुमन्त्र दिएको र निषेधाज्ञा मुद्दाबाट आफूले चलन समेत पाएकोले गुरु चेलाको सम्बन्ध रहेको र तदनुरुपको जिम्मेवारी पुरा गर्दै आएकोले आफू नै हकदार रहेको भनी प्रतिवाद गरेको पाइन्छ। मिसिलसामेल निषेधाज्ञा मुद्दाको राय कितावको प्रमाणित प्रतिलिपि हेर्दा दावीको जग्गा मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला, प्रत्यर्थीको लिखित जंवाफ र अख्तियारनामाको ६३ नं. को प्रतिलिपिबाट निवेदक पुर्ण चैतन्य ब्रह्मचारीले भोग गर्न पाउने अवस्थाको रहेको भनी निषेधाज्ञाको आदेश जारी भएको देखिन्छ। जहाँसम्म मैले नै उक्त जग्गाहरूको चलन पाएकोले म नै पुजारी हो भन्ने पशुपति चैतन्यको जिकिर छ, सो सम्बन्धमा निवेदक पुर्ण चैतन्य ब्रह्मचारीको मृत्युपछि यी पुनरावेदक पशुपति चैतन्यले निषेधाज्ञा मुद्दा सकार गरेको कारणले निजको नाममा चलन दिएको र निषेधाज्ञा मुद्दाको राय किताव उतारबाट "निज पशुपति

चैतन्यलाई पुजारी तोकेको नदेखिएकाले" भन्ने उल्लेख भएबाट निवेदक पूर्ण चैतन्यको शेषपछिको पुजारी पशुपति चैतन्य\ रहेछन भनी मान्न मिल्ने देखिएन। त्यसैगरी राम मन्दिरका पुजारी स्व.पुर्ण चैतन्यले आफ्नो जिवनकालमा कसैलाई पनि उत्तराधिकारी घोषणा गरेको वा चेला वा महन्त तोकेको भन्ने देखिंदैन। पुर्ण चैतन्य ब्रह्मचारीका श्रीमती शारदादेवीले मन्दिरका श्रीसम्पत्ति सबै चलाउने र निजका छोरा गणेश चैतन्यले समेत मन्दिरको रेखदेख गर्दै आएका छन भनी वादीका साक्षी गणेश महासेठले सुरु अदालतमा गरेको बकपत्रको स.ज. १५ मा खुलाई दिएको पाइन्छ। त्यसैगरी वादीका अर्का साक्षी महेश ठाकुरले पशुपति चैतन्य पुर्ण चैतन्यको छोरा हुन तर चेला होइन भनी सुरु अदालतमा भएको बकपत्रको स.ज.२० मा उल्लेख गरिदिएको देखिन्छ। यसबाट पुर्ण चैतन्यका श्रीमती शारदादेवी र छोरा गणेशले संमेत मन्दिरको रेखदेख र पूजा आजा गरेको देखिंदा पुनरावेदक पशुपति चैतन्यले मात्रै मन्दिरको पुजा आजा गरेको र निज नै पुजारी वा चेला भएको भन्ने जिकिरलाई मनासिब मान्न मिल्ने देखिएन।

२९. पुनरावेदक/प्रतिवादी पशुपति चैतन्य ब्रह्मचारीले अर्का पुनरावेदक/वादी शारदा देवी महिला भएकाले ब्रम्हचारी कूटीमा महन्त हुन सक्दिनन्। महन्त भन्ने पद महिलाको लागि होइन भनी जिकिर लिएको पाइन्छ। यसबाट निजी गुठीमा रहने महन्त वा पुजारी महिला हुन सक्ने हो, होइन भनी हेर्नुपर्ने देखियो। महन्त शव्दको अर्थ योगी, सन्यासीका आश्रमको सर्वोच्च अधिपति, साधुसमाज वा मठको प्रमुख व्यक्ति, मठाधीस[११] भन्ने देखिन्छ। मठ भन्नाले जोगी सन्यासी वा सन्त महन्त बस्ने ठाउँ, साधुहरूको आश्रम, देव देवीको मन्दिर, देवालय[१२] लाई बुझ्नु पर्दछ। गुठी संस्थान ऐन, २०३३ को दफा १६ को कार्यान्वयनका लागि बनेको महन्त, पुजारी लगायतका जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७ को दफा २ को देहाय (घ) मा देवस्थलमा नित्य, पर्व र उत्सवमा परम्परागत रुपमा पुजा गर्ने व्यक्तिलाई **"पुजारी"** र (च) मा मठको प्रमुखलाई **महन्त** भनी परिभाषित गरिएको पाइन्छ। सोही निर्देशिकाको दफा ८ मा महन्तको योग्यतामा नेपाली नागरिक, सम्बन्धित धर्म सम्प्रदायको दर्शन सम्वन्धि राम्रो ज्ञान भएको, प्रचलित कानून बमोजिम अदालतबाट फौजदारी मुद्दामा सजाय नपाएको, मठ अनुकूल धार्मिक विधि र सो सम्बन्धी ज्ञान चेलाहरूलाई दिनसक्ने क्षमता भएको, धार्मिक भावना अनुरुपको

[११] नेपाली बृहत शव्दकोश, पेज नं. १०१८, नेपाल प्रज्ञा प्रतिष्ठान
[१२] ऐ.ऐ. पेज नं. ९९९

अनुशासन तथा अभ्यासमा विश्वास भएको र असल आचरण भएको हुनुपर्ने गरी व्यवस्था गरेको पाइन्छ।

३०. प्रस्तुत मुद्दामा विवादित कित्ता जग्गाहरूको सम्बन्धमा ब्रह्मचारी दुर्गा चैतन्यलाई प्राप्त ६३ नं. को अख्तियारी सवालमा त्यस स्थानका जिरायत १ बिगाह १० कठ्ठा रैतीको नम्वरी खरिद गरी लिएको १ बिगाह १२ कठ्ठा गरी ३ बिगाह २ कठ्ठा निज ब्रह्मचारीले गुलफुल लगाई आएको फलफुल श्री रामचन्द्र जीमा चढाई बाँकी बचेका साधु सन्तलाई बाँडी दिने समेत सो फुलवारीको तैनाथ निजै ब्रह्मचारी दुर्गा चैतन्यलाई बक्सेको छ। बेच बिखन गर्न पाईंदैन। निज ब्रह्मचारीले छाडि अन्त गएमा सो आयस्ता तालुक गरी राख्नु भन्ने उल्लेख भएबाट यी जग्गाहरू भोग चलनसम्म गुठीयारले गरी प्राप्त आयस्ताबाट राम जीलाई गुलफुल चढाई सन्त साधुलाई भोग लगाउन पाउने भन्ने देखिन्छ। राम मन्दिर गुठीको परम्परा हेर्दा उल्लिखित जग्गाहरू राम मन्दिर गुठीमा रहने र सोको भोग चलन गरी रामजीमा गुलफुल चढाउने भन्नेसम्म रहेको देखिन्छ। शारदा देवीले पति पुर्ण चैतन्यको शेष पछि छोराहरूको सहयोगमा राम मन्दिरको पुजा चलाएको भन्ने देखिन्छ। पुर्ण चैतन्य पनि ब्रह्मचारी नभई शारदादेवी संगै गृहस्थी जिवनमै रहेर पनि पुजा आजा चलाएको भनी शारदादेवीले जिकिर गरेकोमा पशुपतिले पनि यो कुरा गलत हो भनी वस्तुनिष्ठ ढंगले पुष्टि गर्न नसकेको स्थितिमा राम मन्दिरको महन्त वा पुजारी कुटिमै बस्नुपर्ने भन्ने परम्परा भएको देखिदैन। चैतन्य परिवारको नामको पछाडि ब्रह्मचारी राख्ने परम्परा मात्र हो, वास्तविक ब्रह्मचारी नै हुने होइन भनी पुनरावेदक शारदादेवीका तर्फबाट बहस गर्नुहुने विद्वानहरूले उल्लेख गरेको पाइन्छ। यस स्थितिमा राम मन्दिर गुठीमा रहेका जग्गाहरूको भोग चलन गरी प्राप्त आयस्ताबाट रामजी भगवानमा फूल चढाउने काम जसले गर्छ, उही पुजारीका रुपमा रहने देखिन्छ। महिलाले राम मन्दिरमा पुजा पाठ गर्नु हुँदैन भन्ने ठोस आधार कारण पनि पुनरावेदक/प्रतिवादी पशुपति चैतन्यले गुजार्न सकेको देखिंदैन। प्रचलित कानूनले पनि महिला महन्त वा पुजारी हुन नसक्ने भनी रोक लगाएको पाईंदैन। परिवर्तित संवैधानिक प्रावधानमा गरिएको समानता र अविभेद जस्ता मान्यता स्थापित भएको स्थितिमा शारदादेवी महिला भएकै कारणले राम मन्दिरको पुजारी वा महन्तका रुपमा रही पुजापाठ चलाउन नसक्ने भन्ने देखिएन। वस्तुतः पुर्ण चैतन्यका सन्तान वा हकदारमध्ये महन्तको योग्यता र क्षमता

भएको व्यक्ति जसले राम मन्दिर गुठीको परम्परा चलाउछ, उसैलाई महन्त मान्नुपर्ने र त्यस्तो व्यक्ति महिला वा पुरुष जो पनि हुन सक्ने देखियो।

३१. दोस्रो सवाल राम मन्दिर गुठीमा रहेका कि.नं. ८०८, ८०९ र जिरायत जग्गाहरू बहालमा दिने लगायतको व्यवस्थापन गरी त्यसबाट प्राप्त आयस्ताबाट राम मन्दिरको पूजापाठ गर्ने हक र जिम्मेवारी वादी वा प्रतिवादी मध्ये कसमा रहेको छ भन्ने सम्बन्धमा विचार गर्दा, माथी पहिलो प्रश्नका सन्दर्भमा राम मन्दिर गुठीको गुठीयार वा महन्त तोकिएको नदेखिएको र स्व.पूर्ण चैतन्य ब्रह्मचारीका सन्तानमध्ये जसले गुठीको सञ्चालन गर्छ उही महन्त वा चेलाका रुपमा रहने भनी विवेचना भए बमोजिम स्व.पूर्ण चैतन्य ब्रह्मचारीको शेषपछि निजले गर्दै आएको कार्य वादी वा प्रतिवादी कसले गरेको रहेछ भनी हेर्नुपर्ने देखियो। राम मन्दिर गुठीमा रहेका कि.नं. ८०८ र ८०९ समेतका जग्गाहरूको आ.ब.२०४९।०५० को पोत बुझाएको रसिदमा जग्गावालाको नाम पूर्ण चैतन्य ब्रह्मचारी भनी उल्लेख भएपनि गुठीको नाममा राममन्दिर उल्लेख भएको गुठी संस्थान जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयको र.नं. १०८२९१ मिति २०४९।०८।२५ को मालपोत असूली रसिदबाट देखिन्छ।

३२. राम मन्दिर गुठीमा रहेका उल्लिखित जग्गाहरू भोग चलन गर्न एवम् बहालमा लगाई सो को आयस्ताबाट गुठीको सञ्चालन गर्ने कार्य हक दैया वादीलाई छैन भन्ने प्रतिवादीको जिकिरका सम्बन्धमा हेर्दा, विवादित जग्गाहरू कि.नं. ८०८ र ८०९ का सम्बन्धमा यी पुनरावेदक/वादीका पति स्व.पूर्ण चैतन्य ब्रह्मचारी र गुठी संस्थान बीच चलेको जग्गा खिचोला मुद्दामा उक्त जग्गा गुठीले भाडामा दिई खिचोला गरेको भनी तात्कालिन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट फैसला भई अन्तिम भएको पाइन्छ। पूर्ण चैतन्य ब्रह्मचारीको मृत्यु भई निजका जेठा छोरा भई मु.स.गर्ने व्यक्ति भएका नाताले पशुपति चैतन्यले चलन पाएको देखिन्छ। त्यसै गरी यी पुनरावेदक/वादी शारदादेवीले पशुपति चैतन्य विरुद्ध हालेको अंश मुद्दा र पशुपति चैतन्यको श्रीमती उषादेवी ब्राम्हणीले यी पुनरावेदक/वादीका विरुद्धमा दायर गरेको अंश मुद्दामा मिति २०५३।०२।१३ मा धनुषा जिल्ला अदालतबाट तात्कालिन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट २०४५।०४।३० मा भएको फैसला बमोजिम उक्त विवादित कित्ता जग्गा कि.नं. ८०८ र ८०९ का जग्गा रामचन्द्र जीमा फूल चढाई बाँकी रहेको जग्गा ब्रह्मचारीलाई बक्सेको छ, बेचबिखन गर्न पाइदैन भनी भएको फैसला अन्तिम भै बसेकोले उक्त

जग्गाहरू बण्डा नहुने भई सो बाहेकका जग्गा मात्र बण्डा लाग्ने भनी फैसला भएको र सो उपर कसैको पनि पुनरावेदन नपरी अन्तिम भएको देखिएकाले उक्त जग्गाहरू अबण्डामा रहेको भनी अंश मुद्दाबाट ठहर भएकाले सो जग्गा भोगचलन गरी रामजीमा गुलफुल चढाउने, साधु सन्तलाई भोग लगाउने हक पुर्ण चैतन्यका सन्तति सबैको रहने देखियो। उक्त विवादित कित्ता जग्गाका सम्बन्धमा यी पुनरावेदक तथा प्रत्यर्थी कसैले पनि यो मुद्दा चल्नु अघिसम्म कही कतै हक कायमका लागि कारबाही चलाएको भन्ने पनि देखिएन। उक्त जग्गामा शारदा देवी र छोराहरूकोसमेत हक लाग्ने भनी यी पुनरावेदक/वादीले २०४७ सालको दे.नं.१५४७ नंवरको अंश मुद्दामा मिति २०५२।०९।०१ मा कागज गरिदिएको देखिन आयो। मिति २०४८।०३।०९ मा अर्का पुनरावेदक/प्रतिवादी पशुपति चैतन्य ब्रह्मचारीले निजका बाबु पूर्ण चैतन्य ब्रह्मचारीको मृत्यु भएका कारण मु.स. गरेको नाताले चलन पाएकै आधारमा निजले यी जग्गाको भोग चलन गर्न पाउने व्यक्ति हुन भनी मान्न पनि मिल्ने देखिएन। यी पुनरावेदक/वादी शारदादेवी र प्रतिवादी इन्द्रदेव झा बीच मिति २०४७।०४।२० मा उक्त विवादित जग्गा बहालमा लिने दिने भनी कागज भएको देखिन्छ। विवादित कित्ता जग्गा भगवान रामजीमा फुल चढाउने प्रयोजनका लागि अबण्डामा राखिएको देखिंदा सो जग्गा बहालमा लगाउन भगवान रामजीको पुजा पाठ गरी फुल चढाउने जिम्मवारी भएको महन्त वा पुजारीको हुने भन्ने देखियो। <u>यी विवादित कित्ता जग्गाहरू राम मन्दिर गुठीमा रहेकाले यी जग्गाहरू बेच बिखन गर्न नपाइने तर भोग चलनसम्म गरी प्राप्त आयस्ताबाट भगवान रामजीलाई गुलफुल चढाउने परम्परा रहेकाले स्व. पुर्ण चैतन्यका सन्ततिहरू मध्ये इच्छित व्यक्ति वा नियमानुसार पालो परेको व्यक्तिले राममन्दिर गुठीमा रहेका उल्लिखित जग्गाहरूको भोग चलनसम्म गरी एवम् बहालमा लगाई प्राप्त आयस्ताबाट मुलतः भगवान रामजीमा फूल चढाउने, साधु सन्तको हेरविचार गर्ने, मन्दिर र गुठीको सम्पत्तिको मर्मत संभार एवम् हेरचाह गर्ने र भक्तजनहरूको सुविधाका लागि गर्नुपर्ने आवश्यक कार्यमा खर्च गर्न सक्ने नै देखियो।</u>

३३. तेस्रो प्रश्न शारदा देवी ब्राम्हणी र प्रतिवादी इन्द्रदेव झा बीच मिति २०४७।०४।२० मा भएको बहालको कागज सद्दे हो, होइन? वादी दावी बमोजिमको बहाल रकम प्रतिवादीबाट भराई जग्गा खाली गरिदिनु पर्ने हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा, स्व. पुर्ण चैतन्य ब्रम्हचारीको नाउमा दर्ता रही राम मन्दिर गुठीमा रहेको जिल्ला धनुषा

जनकपुर नगरपालिका वडा नं. ४ अन्तर्गत सा.कि.नं. ८०८, ८०९ को १-१२-० र जिरायत जग्गा १-५-० समेत गरी २-१७-० जग्गा मध्ये जलेश्वर जाने पिच रोड सो पूर्व महाविर मन्दिर सो उत्तर तर्फबाट ४० हात लम्बाई २० हात चौडाई जग्गामा खपडाको छाना भएको घर बनाई होटल सञ्चालन गर्नलाई जग्गाको प्रति महिना रु. १,१००।- मलाई बहाल तिर्ने गरी मिति २०४७।०४।२० मा विपक्षीले बहालको कागज गरी दिनु भएको तर सो बमोजिम २०५७ साल आषाढदेखि बहाल रकम नबुझाउनु भएकाले बहाल दिलाई भराई जग्गासमेत खाली गरी पाउँ भन्ने मुख्य फिराद दावी रहेकोमा आफूले बहालको कागज नै नगरेको तर अरु नै प्रयोजनका लागि भनी मलाई २/३ वटा कागजमा सही गराएकोले वादीलाई कुनै रकम बुझाउनु पर्ने छैन। पशुपति चैतन्यसँग मेरो श्रीमती मिना देवी झाले मासिक रु.१,२००।- मा बहाल लिई होटल चलाएको भनी प्रतिवाद गरेको देखिन्छ। मुलुकी ऐन अ.बं. १३९ नं बमोजिम बुझिएका पशुपति चैतन्यले वादीलाई उक्त जग्गा भाडामा लगाउने हकदैया नै नरहेको र पूर्ण चैतन्यले आफूलाई चेला तोकिदिएकाले सो बमोजिम मैले भाडामा दिएको भनी बयान गरेको देखिन्छ। सुरु अदालतमा प्रतिवादी इन्ददेव झाले ७८ नं बमोजिम गरेको बयानमा बहालको कागज आफूले नगरेको तर लिखतमा परेको सही आफ्नो भएको भनी लेखाएको पाइन्छ। साथै प्रतिवादीले विवादित कित्ता जग्गामा घर बनाई भाडामा बसेको कुरा स्वीकार गरी बयान गरेको पाइयो। प्रतिवादी इन्द्रदेव झाले गरेको उक्त बयानलाई दुवै तर्फका साक्षीले समर्थन गरी लेखाइदिएको पाइन्छ। यसरी बहालको लिखत कागजमा भएको सहीछाप प्रतिवादीले आफ्नो भनी स्वीकार गरेको अवस्थामा त्यस्तो कागजलाई अन्यथा भन्न नमिल्ने भई वादी प्रतिवादी बिच भएको बहालको कागज सद्दे रहेको देखियो। यी पुनरावेदक/वादी र प्रतिवादी इन्द्रदेव झाबीच भएको बहालको कागज सद्दे रहेको पुष्टि भएको अवस्थामा पुनरावेदक/वादी शारदादेवीले दावी गरे बमोजिम बहाल रकम वादी शारदादेवीले प्रतिवादी इन्द्रदेव झाबाट भराइ पाउने र प्रतिवादीले बहाल नतिरेकाले प्रतिवादी इन्द्रदेव झाले उक्त जग्गा खाली गरिदिनु पर्ने देखिन्छ।

३४. पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो,होइन भन्ने अन्तिम प्रश्नमा विचार गर्दा, महन्तको परम्परालाई अंगाली विधिवत रुपमा घोषणा नभएसम्म मुलुकी ऐन गुठीको महलको ५ नंवर

बमोजिम महन्त स्व.पूर्ण चैतन्यको हकवालाले दुई/दुई वर्षको पालो गरेर वादी दावीको जग्गाको आम्दानी उठाई मन्दिरको पुजा चलाउनु पर्ने भनी पुनरावेदंन अदालत जनकपुरबाट फैसला भएको देखिन्छ। विपक्षी इन्द्रदेवलाई मैले बहालमा दिएकोले बहाल मैले पाउनुपर्नेमा दुई/दुई वर्ष बहाल रकम उठाइ पुजा गर्नुपर्ने भनी फैसला गरेको नमिलेको भन्ने पुनरावेदक/वादीको पुनरावेदन जिकिर रहेको छ। विवादित जग्गाको चलन मैले पाएको र इन्द्रदेव झालाई बहाल दिएको जग्गा बाहेकमा निज विपक्षीले चलन गरेको प्रमाणित गर्न नसकेको अवस्थामा दावी नै नरहेको उक्त जग्गालाई दुई/दुई वर्षमा भाग गरी खान पाउने ठहर गरी भएको फैसला बेरितपूर्ण रहेको भन्ने पुनरावेदक/प्रतिवादीको जिकिर रहेको पाइन्छ। यस स्थितिमा विवादित जग्गा दुई/दुई वर्षको पालो गरी भोग गर्न पाउने भनी गरेको पुनरावेदन तहको फैसला कानूनसम्मत भए नभएको के रहेछ भनी तत्काल प्रचलित कानूनी व्यवस्थाको अध्ययन गरी हेर्नुपर्ने हुन आयो।

३५. मुलुकी ऐन २०२० गुठीको महलको ५ नं. मा "**एकभन्दा बढी हकवाला भएमा ती सबैले लिखत भए लिखत बमोजिम लिखत रहेनछ भने प्रत्येकले दुई वर्षको पालो गरी गुठी चलाई खान पाउँछन्। हकवाला बाबु जिउँदै भएको अवस्थामा भने छोरा नातिले दैया गर्न पाउँदैनन्। लिखत नभएकोमा आफनो हक पुगेपछि सोह्र वर्षभित्र नालिस नदिए दुई वर्षको पालो पाउने कुरामा पछि नालिस लाग्न सक्तैन**" भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाबाट एक भन्दा बढी हकवाला भएकोमा लिखत भए लिखत बमोजिम र लिखत नभएकोमा प्रत्येकले दुई वर्षको पालो गरी गुठी चलाउनु पर्ने भन्ने देखियो। प्रस्तुत मुद्दामा माथी विवेचना भए बमोजिम स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीले आफ्नो जीवनकालमा निजको श्रीमती लगायत छोराहरू कसैलाई पनि राम मन्दिर गुठीको आफ्नो शेष पछि महन्त वा पुजारीको रुपमा कार्य गर्नेगरी तोकेको वा त्यस प्रकारको कुनै लिखत कसैलाई गरिदिएको भन्ने मिसिलबाट देखिंदैन। राम मन्दिरको महन्त वा पुजारी कुटिमै बस्नुपर्ने नभई गृहस्थी जीवनमै रहेर भगवानको पुजा पाठ गर्ने र यस्तो पुजापाठ पुर्ण चैतन्यका सन्तति जसले गर्छ, उही महन्त वा पुजारीका रुपमा रहने परम्परा रहेको देखिन्छ। यस्तो पुजा पाठ लगायत राम मन्दिर गुठीको परम्परा चलाउन गुठीमा रहेका उल्लिखित जग्गाहरू भोग चलनसम्म गर्न पाउने भन्ने देखिन्छ। प्रस्तुत विवाद गुठीमा रहेका जग्गा वहालमा दिई सो बहालसमेतबाट पुजा पाठ गर्दै

आएकोमा बहाल दिन छोडेपछि पुजा पाठ गर्न समस्या भएको भनी मुद्दा परी सो विवाद यस अदालतसम्म प्रवेश गरेको स्थितिलाई विचार गरी गुठी र यसमा रहेका जग्गा भवन लगायतका सम्पत्तिहरूको उचित संरक्षण गरी गुठीको सम्पत्ति भोग चलन गर्ने वा बहालमा लगाई प्राप्त आयस्ताको उपयोग गुठी स्थापनाको उद्देश्यमा लगाउने गरी विवादको दिर्घकालिन समाधान खोज्नुपर्ने देखिन्छ। पुनरावेदक/वादी शारदादेवीले अन्य छोराहरूको सहयोग लिएर मन्दिरका जग्गा बहालमा लगाई पुजा पाठ गराउदै आएको जिकिर लिएको पाइन्छ। अर्का पुनरावेदक पशुपति चैतन्यले पुर्ण चैतन्य विरुद्ध परेको मुद्दा सकार गरी मुद्दा जितेपछि चलान पुर्जी आफूले पाएकोले राम मन्दिर गुठीमा रहेका जग्गाको भोग चलन गरी बन्दोबस्ती गर्दै आएको भनी जिकिर गरेको देखिन्छ। शारदादेवीले पशुपतिसमेत विरुद्धको अंश मुद्दा २०४८ सालको दे.नं.२२९२ र उषादेवी ब्रह्माणीले शारदादेवी र पशुपति समेतका विरुद्धको अंश मुद्दा २०४७ सालको दे.नं.१५६७ मा धनुषा जिल्ला अदालतबाट भएको फैसला कि.नं.८०८ र ८०९ जग्गा राम मन्दिर जिरायत तैनाथी जग्गा भएकाले बण्डा नहुने भनी उल्लेख भएको देखिन्छ। यसबाट अबण्डामा रहेको गुठीको नामको जग्गा बहालमा लगाउने लगायत जग्गा भोग चलन गरी प्राप्त आयस्ताबाट मन्दिरको पुजा पाठ गर्ने हक शारदादेवी ब्राम्हणीको मात्र नभई अंशबण्डा हुनु अघि सगोलमा रहेका स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीका तीन भाइ छोराहरूकोसमेत हक लाग्ने देखियो। स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीले वादी वा प्रतिवादीमध्ये कसैलाई पनि महन्त वा पुजारीको रुपमा तोकिएको देखिंदैन। यसरी विवादित कित्ता जग्गाहरू राम मन्दिर गुठीमा रहेको देखिएको, सो जग्गाहरू पुजा पाठका लागि अबण्डामा रहेको, बिक्रि गर्न नमिल्ने तर महन्त वा पुजारीले बहालमा लगाई वा भोगचलनसम्म गरी प्राप्त आयस्ताबाट पुजा पाठ चलाउने परम्परा रहेको र स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीले आफ्नो जिवन कालमा कसैलाई पनि उत्तराधिकारी तोकेको लिखत भएको नदेखिएको, स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीको शेष पछि यी वादी र प्रतिवादी बीच उक्त जग्गा भोग चलन गर्ने, बहालमा दिई बहाल रकम उठाई पुजा पाठ गर्ने महन्त वा पुजारीको विषयमा प्रश्न उठी हकवालाहरू एक भन्दा बढी भएको र कसैलाई पनि लिखत गरी नदिएको स्थितिमा उल्लिखित गुठीको ५ नं. को व्यवस्था **प्रत्येकले दुई वर्षको पालो गरी गुठी चलाई खान पाउँने देखियो।** यस स्थितिमा स्व.पूर्णचन्द्र चैतन्य ब्रह्मचारीको शेषपछिका हकदार चारै जनाको हक हुने भई दुई /दुई वर्षको पालो गरी

गुठीको सञ्चालन र व्यवस्थापनका लागि राम मन्दिर गुठीमा रहेका उल्लिखित जग्गाहरूको भोग चलनसम्म गरी मन्दिरमा पुजापाठ गर्न पाउने देखिंदा पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला कानूनसम्मत रहेकाले अन्यथा गरिरहनुपर्ने देखिएन।

३६. पुनरावेदन तहको फैसला कानूनसम्मत देखिएको स्थितिमा उक्त फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदकहरूको जिकिर पुग्न सक्ने हो, होइन भनी हेर्दा, माथी विवेचना भए अनुसार राम मन्दिर गुठीमा रहेका उल्लिखित विवादित कित्ता जग्गाहरू अंश मुद्दाको फैसलाबाट अबण्डामा रहेको, उक्त जग्गा अपुताली खान पाउने किसिमको पनि नभएको, विवादित जग्गा भोग चलन गरी भगवान रामजीलाई फुल चढाउने हक पुनरावेदक/वादी शारदादेवीका साथै पुनरावेदक/प्रतिवादी पशुपतिसमेत चार जनामा रहेको देखिएको, स्व.पूर्ण चैतन्यका सन्ततिमध्ये कसैलाई पनि निजले चेलाका रुपमा उत्तराधिकारी नतोकेकोले हकदारहरू मिली दुई/दुई वर्षको पालो गरी गुठी चलाई खान पाउने देखिएको स्थितिमा मसंग बहालको कागज भएकोले मैले मात्र बहाल उठाई पुजा पाठ गर्न पाउनुपर्ने भन्ने पुनरावेदक/वादी शारदा देवीको र विवादित जग्गाको मुद्दा सकार गरी आफूले चलन समेत पाई भोग चलन गरेको साथै इन्द्रदेव झालाई भाडामा दिएको जग्गा बाहेक अरुमा वादी शारदादेवीको भोग चलनसमेत नरहेकोले उक्त जग्गाको भोगचलन गर्न र सोको बहालसमेत आफैले पाउनुपर्ने भन्ने पुनरावेदक/प्रतिवादी पशुपति चैतन्य ब्रह्मचारीको पुनरावेदन जिकिर पुग्नसक्ने देखिएन।

३७. पुनरावेदन तहको फैसला सदर भई पुनरावेदकहरूको जिकिर पुग्न सक्ने नदेखिएको स्थितिमा अव आइन्दा राम मन्दिर गुठीको जग्गा भवन वा अन्य सम्पत्ति बहालमा लगाउने वा करार गर्ने, मन्दिर र बगैचाको मर्मत, संभार गर्ने साथै गुठीको परम्परा बमोजिम भगवान रामजीमा फूल चढाउने र बचेको आयस्ताबाट साधु सन्तलाई भोग लगाउने लगायत श्रद्धालु भक्तजनको सेवा सुविधा समेतका कार्य स्व. पुर्ण चैतन्यका सन्तती वा हकदारले दुई/दुई वर्षको पालो गरी पुजारीको व्यवस्था गर्ने भनी माथी विवेचना भएकाले निर्विवाद रुपमा पुजारी तोक्न र गुठीको सम्पत्ति गुठीकै प्रयोजनमा परिचालन गर्ने सम्बन्धमा थप निर्देशनको आवश्यकता देखियो। माथी विवेचना गरिएका कानूनी व्यवस्था र यस अदालतबाट स्थापित न्यायिक दृष्टिकोणको रोहमा हेर्दा गुठीको सम्पत्तिको उचित संरक्षण र गुठीको उद्देश्यमा परिचालन गर्न गुठीयार लगायत गुठी

संस्थान र यस अदालतको समेत दायित्व एवम् कर्त्तव्य रहनेमा थप विवेचना गरिरहनु पर्ने देखिएन। यस स्थितिमा गुठी संस्थान ऐन, २०३३ को दफा १९क. बमोजिम राम मन्दिर गुठीमा रहेका उल्लिखित जग्गा लगायत अन्य सम्पत्तिको विवरण नियमित रुपमा गुठी संस्थानमा पठाई गुठीमा भएका काम कारबाही वा परिवर्तनहरूको नियमित जानकारी गराउने जिम्मेवारी पालो परेको पुजारीको हुने, साथै सो को नियमित अनुगमन गरी आवश्यक कार्य गर्ने/गराउने जिम्मा गुठी संस्थानमा रहने गरी गुठीको लगत राख्नु पर्ने देखिन्छ।

३८. राम मन्दिर गुठीको पुजारीको पालो दुई/दुई वर्षको रहने तर पहिलो पालो कसको हुने भन्ने विवाद भएमा स्व. पुर्ण चैतन्य बह्मचारीका सन्ततिहरूलाई गुठीयार कायम गरी सद आचरण भएको, पुजा पाठ गर्न जानेको लगायतका सर्त राखी सो योग्यता भएकाहरूको सूची तयार गरी निजहरूबीच सहमती भए सहमतीमा अन्यथा गोला प्रक्रिया वा सुचीमा रहेका मध्ये कानून बमोजिमको पहिलो हकदारलाई पहिलो पालो तोकी तत्पश्चात क्रमश हुनेगरी पालो बांडफांड गर्ने व्यवस्था मिलाउनु पर्ने देखियो। अब आइन्दा राम मन्दिर गुठीका जग्गालाई करार गरी बहालमा दिंदा हकदारहरू मध्ये कसले सम्झौता गर्ने भन्ने सम्बन्धमा पालो परेको वा तोकिएको पुजारीले करार सम्झौता गर्नसक्ने व्यवस्था गर्न सकिन्छ। यस्तो करारबाट गुठीलाई प्राप्त हुने रकमको परिचालन सम्बन्धमा पुजारी, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र गुठी संस्थानको स्थानीय प्रतिनिधिको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने गरी बैंक खातामार्फत पारदर्शी ढंगले गुठीको उद्देश्य परिपूर्तिका लागि मात्र परिचालन गर्ने, पुजारीको खर्च समेत खुल्ने गरी खर्च विवरण राख्ने, आयस्तालाई पारदर्शी गर्ने गरी सम्बन्धित गुठीले आवश्यक नियमावली बनाउन सक्ने नै देखिन्छ।

३९. अत: माथि विवेचित आधार र कारणबाट स्व.पूर्ण चैतन्य ब्रह्मचारीका तीन भाई छोरा र श्रीमती चारै जनाले उक्त जग्गाको दुई/दुई वर्षको पालो गरेर जग्गाको बहाल सम्झौतामार्फत बैंक खातामा जम्मा गरी मन्दिरको मर्मत संभार र बगैचाको रेखदेख एवम् पुजा पाठ लगायतमा प्रयोग गर्नुपर्ने देखिएकाले वादी शारदादेवीले दावी गरेको २०५७।०३।०१ देखि २०५८।०४।३२ सम्मको घरभाडा प्रतिवादी इन्द्रदेव झाबाट भराई जग्गा खाली गराई लिन पाउनेमा सो अवधिको भाडा समेत चार भाग लाग्नेगरी भएको सुरु फैसला नमिलेकाले सो हदसम्म उल्टी गरी मिति २०५७।०३।०१ देखि

मिति २०५८।०४।३२ सम्मको घरभाडा मासिक रु १,१००। का दरले जम्मा रु.१३,२००।- वादी शारदादेवीले प्रतिवादी इन्द्रदेवबाट भराइ उक्त जग्गासमेत खाली गरिदिनुपर्ने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक/वादी शारदादेवी ब्राम्हणी र पुनरावेदक/प्रतिवादी पशुपति चैतन्य ब्रह्मचारीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

माथि ठहरखण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०२।१८ मा भएको फैसला सदर हुने ठहरी फैसला भएकाले देहाय बमोजिम गर्नू।

१. मिति २०५७।०३।०१ देखि मिति २०५८।०४।३२ सम्मको बहाल रकम मासिक रु.१,१००।- का दरले हुने जम्मा रकम रु.१३,२००।- नियमानुसार वादी शारदादेवी ब्राम्हणीलाई प्रतिवादी इन्द्रदेव झाबाट भराइ दिई मन्दिरको मर्मत सम्भार एवम् बगैचाको हेरचाहमा लगाउने व्यवस्था गरी बहालमा रहेको उक्त जग्गासमेत खाली गराइदिनू भनी सुरू धनुषा जिल्ला अदालतमा लेखी पठाउनू।

२. निजी गुठीका जग्गा वा भवन वा अन्य सम्पत्ति बहालमा लगाउनु पर्ने भए प्रचलित कानून बमोजिम मात्र बहाल वा भाडामा लगाउने र बहालमा रहेका सम्पत्ति, सोबाट प्राप्त आयस्ता र उपयोग सम्बन्धीको विवरण नियमित रुपमा गुठी संस्थानमा पेस गर्ने व्यवस्था गर्न राम मन्दिर गुठीका महन्त वा पुजारीलाई ध्यानाकर्षण गराई पत्राचार गर्नू।

३. पूर्ण चैतन्य ब्रह्मचारीका तीन भाई छोरा र श्रीमती चारै जनाले आपसमा सहमति गरी दुई/दुई वर्षको पालो गरेर गुठीमा रहेका कि.नं. ८०८, ८०९ को १-१२-० र जिरायत जग्गा १-५-० समेत गरी २-१७-० जग्गाको बहाल उठाई मन्दिर र बगैचाको मर्मत, सम्भार गर्ने साथै गुठीको परम्परा बमोजिम भगवान रामजीमा फूल चढाउने र बचेको आयस्ताबाट साधु सन्तलाई भोग लगाउने लगायत श्रद्धालु भक्तजनको सेवा सुविधाको प्रबन्ध गर्ने लगायत गुठीको परम्परा चलाउने व्यवस्था गर्न राम मन्दिर गुठीका महन्त वा पुजारीलाई ध्यानाकर्षण गराउन र प्रस्तुत फैसलाको प्रतिलिपि सहित सो गुठीमा रहेका जग्गाको विवरण माग गर्न गुठी संस्थानलाई पत्राचार गर्नू।

४. स्व.पूर्ण चैतन्य ब्रह्मचारीका सन्तान मध्येका राम मन्दिरमा पुजा पाठ गर्न इच्छुक व्यक्तिलाई हकदारको सहमती रहेमा सोही व्यक्तिलाई र एक भन्दा बढी व्यक्ति इच्छुक भए वा पालोका सम्बन्धमा विवाद भएमा गोला प्रक्रियाद्वारा वा कानून बमोजिम पहिलो हकदारबाट सुरू गरी क्रमशः योग्यता पुगेका सबैको पालो रहने गरी महन्त वा पुजारी तोक्ने व्यवस्था गुठी संस्थानले गर्नू।

५. राम मन्दिर गुठीमा रहेका जग्गालाई करार गरी बहालमा लगाउँदा पालो परेको वा तोकिएको पुजारीले करार सम्झौता गर्ने तर करारबाट गुठीलाई प्राप्त हुने रकम पुजारी, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र गुठी संस्थानको स्थानीय प्रतिनिधिको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने गरी बैंक खातामार्फत पारदर्शी ढंगले गुठीको उद्देश्य परिपुर्तिका लागि मात्र परिचालन गर्ने व्यवस्था मिलाउनु भनी गुठी संस्थानमा लेखि पठाउनू।

६. सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरेमा नियमानुसार दिनू।

७. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानूसार अभिलेख शाखामा बुझाईदिनू।

हरिप्रसाद फुयाल
**न्यायाधीश**

उक्त रायमा सहमत छु

हरिकृष्ण कार्की
**का.मु. प्रधान न्यायाधीश**

इजलास अधिकृत (उप-सचिव): टीकाबहादुर थापा

कम्प्युटर अपरेटरः रामशरण तिमिल्सिना

इति संवत् २०७९ चैत्र २७ रोज २ शुभम् ......................................................।